# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.

## को

### विनियम २०५५ को (संशोधन सहित) पुनर्लेखन विनियम

### २०८०

**वीरेन्द्रनगर ८, सुर्खेत**

कर्णाली प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
# भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्या : ०८०/८१ (सहकारी दर्ता तथा नियमन शाखा)
चलानी नं. : ९१६

मितिः २०८०/०८/२०

विषय : सहकारीको पुनर्लिखित विनियम स्वीकृत गरि पठाईएको।

श्री वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.,
वीरेन्द्रनगर नगरपालिका- ०८, सुर्खेत।

प्रस्तुत विषयमा त्यस सहकारी संस्थाको मिति २०८०/०६/३० को २१औं साधारणसभाबाट सहकारी संस्थाको विनियम, २०५९ को (संशोधन सहित) पुनर्लेखन विनियम पारीत गरी मिति २०८०/०७/१३ को च.नं. ३४९ को पत्र साथ पुनर्लेखन भएको विनियम स्वीकृतिका लागि पेश गरेकामा मिति २०८०/०८/२० को निर्णानुसार संस्थाको विनियम, २०५९ को (संशोधन सहित) पुनर्लेखन विनियम २०८० स्वीकृत भएकोले अब उप्रान्त सोही संशोधन/ पुनर्लिखित विनियम अनुसार कार्यसम्पादन गर्नहुन स्वीकृत सक्कलै पुनर्लिखित विनियम थान १ समेत यसै साथ संलग्न राखी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

.........................
(खुम प्रसाद सुवेदी)
रजिष्ट्रार

खुम प्रसाद सुवेदी
रजिष्ट्रार

ठेगानाः वीरेन्द्रनगर-७, सुर्खेत
टेलिफोनः ०८३-५२१२३६
ईमेलः-rajistarkarnali@gmail.com
वेवसाइटः http://sahakari.karnali.gov.np
फ्याक्स नं: ०८३-५२१२३६

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.

## वीरेन्द्रनगर-८, सुर्खेतको

## विनियम २०५९ को (संशोधन सहित) पुनर्लेखन विनियम २०८०

**प्रस्तावना :**

सहकारी सिद्धान्त, मूल्य र मान्यताहरू अवलम्बन गरी सदस्यहरूमा स्वावलम्वन र पारस्परिकताको भावनालाई बढवा दिएर आफ्नो आर्थिक, सामाजिक एवं शैक्षिक उन्नतिका लागि आवश्यक स्रोतका साथै व्यवसायिक तथा सामुदायिक सेवाहरूको बन्दोबस्त आफैंले मिलाएर परिश्रम, समानता र समताका मापदण्डमा समुदायका सबैको यथायोग्य वैभव हासिल हुने सहकारी सभ्यताको विकासमा समेत सहायता पुऱ्याउन २०५२ सालमा स्थापना भएको वातावरण सुधार समाज (EDS) ले २०५४ कार्त्तिकदेखि सुरूवात गरेको बचत तथा ऋण कार्यक्रमलाई सहकारीमैत्री बनाई हस्तान्तरण गर्न वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. को स्थापना गर्न तयार पारिएको रजिष्ट्रारबाट स्वीकृत विनियम २०५९मा भएको संशोधन समेतलाई प्रचलित सहकारी कानुन अनुसार समायोजन गर्न संशोधन गर्न वाञ्छनीय भएकाले कर्णाली प्रदेश सहकारी ऐन, २०७५ को दफा २७ (१) ले दिएको अधिकार प्रयोग गरी संस्थाको २१ औं वार्षिक साधारणसभाले वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. को विनियम २०५९ को पुनर्लेखन सहितको विनियम २०८० पारित' गरी यो पुनर्लेखन विनियम बनाईएको छ ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सहकारी रजिष्ट्रारको कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

### परिच्छेद १

### प्रारम्भिक

खुम प्रसाद सुवेदी
रजिष्ट्रार

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :**

(क) यस विनियमको नाम 'वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.को विनियम २०५९ को (संशोधन सहित) पुनर्लेखन विनियम २०८०' रहेको छ ।

(ख) यो विनियम कर्णाली प्रदेश रजिष्ट्रारबाट स्वीकृत भएपछि तुरून्त लागु हुनेछ ।

**२. संस्थाको नाम, ठेगाना तथा कार्यालय स्थापनासम्बन्धी व्यवस्था :**

(१) यस संस्थाको नाम : यस संस्थाको नाम नेपालीमा 'वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.', अंग्रेजीमा 'Batawaran Sudhar Multipurpose Co-Operative Limited' र छोटकरीमा BASUCOL रहने छ ।

(२) यस संस्थाको ठेगाना : संस्थाको केन्द्रीय कार्यालयको ठेगाना वीरेन्द्रनगर नगरपालिका वडा नं. ८, सुर्खेत हुनेछ ।

(३) सदस्य सेवाकेन्द्र सम्बन्धी व्यवस्था : संस्थाले सदस्यहरूलाई प्रदान गर्ने आर्थिक, सामाजिक र साँस्कृतिक सेवाहरू सुलभ तरिकाबाट उपलब्ध गराउन सदस्यहरूको माग र आवश्यकता अनुसार रजिष्ट्रारको स्वीकृति लिएर सदस्य सेवाकेन्द्रहरू स्थापना गर्न सकिनेछ ।

(४) उपदफा (२) र (३) अनुसार स्थापना हुने कार्यालय र सदस्य सेवा केन्द्रहरूको नाम, ठेगानामा कुनै कारणबाट परिवर्तन हुनगएमा सोको जानकारी ७ दिनभित्र रजिष्ट्रार वा नियामक निकायलाई दिइनेछ । त्यस्तो सूचना आफ्ना सदस्य वा सरोकारवालालाई समेत सम्प्रेषण गरिनेछ ।

(५) संस्थाको प्रकार : यो संस्थां कर्णाली प्रदेश सहकारी नियमावली २०८० को नियम (११) को उपनियम (५) बमोजिम सीमित दायित्व भएको बहुउद्देश्यीय प्रारम्भिक सहकारी संस्था लिमिटेड हुनेछ ।

(६) संस्थाको साइनबोर्डमा स्पष्ट बुझिने गरी संस्थाको नाम, ठेगाना, स्वीकृत लोगो, कार्यक्षेत्र र सम्पर्कका लागि फोन, इमेल, वेवसाईट आदि उल्लेख गरिनेछ ।

(७) समितिले संस्थाको कार्यालयमा सबैले देख्ने ठाउँमा निम्न कुराहरू खुलेको सूचना राखी सम्बन्धित सबैलाई सु-सूचित गरिने छ ।

(क) संस्थाको मुख्य कारोबार,

(ख) कुल सदस्य सङ्ख्या,

(ग) कुल सङ्कलित शेयर पूँजी,

(घ) कुल बचत निक्षेप,

(ङ) कूल ऋण लगानी,

(च) संस्थाले ऋणमा लिने र बचतमा दिने ब्याजदर,

(छ) संस्थाले सञ्चालन गरेका उद्योग, व्यवसाय तथा परियोजनाहरू,

(ज) संस्थाले उपलब्ध गराउने सेवाहरू,

(झ) सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको नाम, ठेगाना, र सम्पर्क नम्बर,

(ञ) अन्य आवश्यक कुराहरू ।

रजिष्ट्रार

३. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस विनियममा :-

(क) **'संस्था'** भन्नाले वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. वीरेन्द्रनगर -८, सुर्खेत सम्झनुपर्छ ।

(ख) **'ऐन'** भन्नाले कर्णाली प्रदेश सहकारी ऐन २०७५ लाई जनाउँछ ।

(ग) **'नियमावली'** भन्नाले कर्णाली प्रदेश सहकारी नियमावली २०८० लाई सम्झनुपर्दछ ।

(घ) **'मन्त्रालय'** भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने कर्णाली प्रदेश सहकारी मन्त्रालय सम्झनुपर्छ ।

(ङ) **'रजिष्ट्रार'** भन्नाले ऐनको दफा ८९ बमोजिम तोकिएको प्रदेश रजिष्ट्रारलाई सम्झनुपर्दछ र सो शब्दले निजबाट अधिकार प्राप्त अधिकारीलाई समेत जनाउनेछ ।

(च) **'विनियम'** भन्नाले वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. सुर्खेतको विनियम २०५९ को (संशोधन सहित) पुनर्लेखन विनियम २०८० लाई जनाउनेछ ।

(छ) **'कार्यक्षेत्र'** भन्नाले वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. सुर्खेतले आफ्ना सेवाहरू सञ्चालन गर्न नियामक निकायबाट स्वीकृती लिएको मानवीय बसोबास रहेको क्षेत्र, प्रदेश, जिल्ला र स्थानीय तह एवम् वडाहरूलाई जनाउँछ ।

(ज) **'केन्द्रीय कार्यालय'** भन्नाले वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.,सुर्खेतको मुख्य कार्यालयलाई जनाउनेछ ।

(झ) **'सदस्य सेवा केन्द्र'** भन्नाले यस विनियमको दफा (२) को उपदफा (३) बमोजिम संस्थाका सदस्यलाई सरल, सहज रुपमा सेवा सुविधा उपलब्ध गराउन स्थापित कार्यालयलाई जनाउँछ ।

(ञ) **'आन्तरिक कार्यविधि'** भन्नाले सहकारी संस्थाले विनियमको दफा ९६ बमोजिम बनाएको आन्तरिक नियमावली, कार्यविधि, नीति नियम र निर्देशिकाहरूलाई सम्झनुपर्छ ।

(ट) **'शेयर'** भन्नाले सहकारी संस्थाको शेयर पूँजीको एकाईलाई जनाउँदछ ।

(ठ) **'सदस्य'** भन्नाले यस विनियमको दफा (९) बमोजिम सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ढ) **'शेयर प्रमाणपत्र'** भन्नाले सहकारी संस्थाको शेयर खरिद गर्ने सदस्यलाई शेयर खरिद गरे बापत संस्थाबाट दिइएको प्रमाणित निस्सालाई सम्झनुपर्दछ ।

(ण) **'बचत/निक्षेप'** भन्नाले सदस्यहरुले पूर्व निर्धारित दरमा ब्याजको रुपमा लाभ प्राप्त गर्ने गरी आफ्नो इलम, व्यवसायबाट आर्जन गरेको रकम जोगाउने उद्देश्यले संस्थामा जम्मा गरेको रकमलाई सम्झनु पर्दछ ।

(त) **'ऋण"** भन्नाले संस्थाले विनियमको अधिनमा रही आफ्ना सदस्यहरूलाई रोजगारी तथा आय वृद्धि हुने व्यवसाय सञ्चालन हुने वा सामाजिक वा घरायसी कार्य गर्न तोकिएको शर्तमा निश्चित समयको लागि लगानी गरेको रकम सम्झनुपर्छ । यस शब्दले अन्य संघ संस्थासँग भविष्यमा फिर्ता बुझाउने गरी संस्थाले प्राप्त गरेको र प्रदान गरेको रकमलाई समेत जनाउँछ ।

(थ) **'सहकारी व्यवसाय"** भन्नाले सहकारी संस्थाको विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनु पर्छ ।

(द) **'वचत परिचालन'** भन्नाले सदस्यहरूबाट सङ्कलन गर्ने र सदस्यहरूमा ऋण लगानी गर्ने दुबै कार्यहरूलाई जनाउँछ ।

(ध) **'सञ्चालक'** भन्नाले यस विनियमको दफा ३५ बमोजिम निर्वाचित संस्थाका सञ्चालकहरूलाई सम्झनुपर्दछ र सो शब्दले अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यसमेतलाई जनाउँछ ।

(न) **'समिति'** भन्नाले विनियमको दफा ३५ को उपदफा (१) बमोजिमको सञ्चालक समितिलाई सम्झनुपर्दछ।

(प) **'लेखा सुपरिवेक्षण समिति'** भन्नाले दफा ४२ बमोजिमको संस्थाको लेखा सुपरिवेक्षण समिति सम्झनुपर्छ ।

(फ) **'उपसमिति'** भन्नाले विनियमको दफा ४६ बमोजिम गठित उपसमितिलाई जनाउँछ ।

(ब) **'सल्लाहाकार'** भन्नाले संस्थाको विनियममा व्यवस्था भएअनुसार सञ्चालक समितिबाट मनोनयन वा नियुक्त गरिएको व्यक्ति सम्झनुपर्दछ ।

(भ) **'साधारण सभा'** भन्नाले संस्थाको साधारण सभालाई सम्झनु पर्दछ ।

(म) **'बैठक'** भन्नाले सञ्चालक समितिको मासिक तथा भैपरिआउने अवस्थामा बस्ने सञ्चालक समीतिको बैठकलाई जनाउँछ । सो शब्दले उपसमिति तथा सल्लाहकारहरूको बैठक समेत जनाउँछ ।

(य) **'सहकारी सिद्धान्त'** भन्नाले अन्तराष्ट्रिय सहकारी महासंघद्वारा पारित सिद्धान्तहरूलाई जनाउँछ ।

(र) **'कार्यकारी प्रबन्धक'** भन्नाले विनियमको दफा ५० अनुसार नियुक्तसंस्थाको कार्यकारी प्रबन्धकलाई जनाउँछ ।

(ल) **'प्रबन्धक'** कार्यकारी प्रबन्धकको अधिनमा रही कार्य गर्ने वरिष्ठ प्रबन्धक, प्रबन्धकहरू र सेवा केन्द्र प्रमुखहरूलाई समेत बुझाउँछ ।

(व) **'कर्मचारी'** भन्नाले संस्थाको उद्देश्य प्राप्त गर्ने कार्यहरू गर्न यस विनियममा व्यवस्था भएअनुसार नियुक्ति हुने कार्यकारी प्रबन्धक, वरिष्ठ प्रबन्धक, प्रबन्धकहरू, सेवाकेन्द्र प्रमुख तथा अन्य कर्मचारी र मासिक तलब भत्ता लिने गरी नियुक्त संस्थागत जनशक्तिलाई जनाउँछ ।

(श) **'प्राथमिक पुँजीकोष'** भन्नालें शेयर पूँजी र जगेडाकोष सम्झनुपर्छ ।

(ष) **'आर्थिक वर्ष'** भन्नाले प्रत्येक बर्षको श्रावण १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई जनाउँछ ।

(स) **'तोकिएको वा तोकिए बमोजिम'** भन्नाले यो विनियम अर्न्तगत बनेका नीति नियम, कार्यविधि, निर्देशिका, निर्णयमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

(ह) **'परिवार'** भन्नाले सदस्यको एकासगोलको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, बाजे, बज्यै, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाउजू, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्दछ ।

तर, सो शब्दले अंशवण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेसा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(क्ष) **'नियामक निकाय'** भन्नाले प्रचलित कानुन अनुसार संस्था सञ्चालन गर्न अभिप्रेरित वा निर्देशन गर्ने कार्यालयलाई जनाउनेछ ।

(त्र) **'खुद बचत'** भन्नाले संस्थाको एक आर्थिक वर्षको मोटामोटि आम्दानी रकमबाट प्रचलित ऐन नियम बमोजिम खर्च तथा करकट्टी गरी बाँकी रहेको बचत रकमलाई जनाउनेछ ।

## ४. संस्था संगठित संस्था हुने :

(१) संस्था एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुनेछ ।

(२) संस्थाबाट भए गरेका सबै काम कारबाही प्रमाणित गर्नका लागि अनुसूची-१ मा व्यवस्था गरिए अनुसारको संस्थामा एक छाप रहनेछ । सो छाप सञ्चालक समितिबाट अधिकार प्राप्त व्यक्तिको जिम्मामा रहनेछ ।

(३) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न र प्रचलित कानुनमा असर नपर्ने गरी कुनै प्रकारले बन्दोबस्त गर्न सक्नेछ ।

(४) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट अरू व्यक्ति वा संघ संस्था उपर नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट पनि नालिस उजुर लाग्न सक्नेछ ।

## ५. सहकारी सिद्धान्त र आवद्धता :

**(१) सहकारी सिद्धान्त :**

अन्तर्राष्ट्रिय सहकारी महासंघबाट पारित सहकारीका निम्न सात सिद्धान्तहरूलाई संस्थाले यस

विनियमको अभिन्न अङ्ग मान्नुपर्नेछ । निम्न सिद्धान्तहरूको अनुसरण गर्ने र गराउने गरी संस्थाका क्रियाकलापहरू निर्देशित हुन अनिवार्य गरिएको छ ।

(क) स्वेच्छिक तथा खुल्ला सदस्यता,

(ख) सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण,

(ग) सदस्यहरूको आर्थिक सहभागिता,

(घ) स्वायत्तता र स्वतन्त्रता,

(ङ) शिक्षा, तालिम र सूचना,

(च) सहकारी-सहकारी बिच पारस्परिक सहयोग,

(छ) समुदायप्रतिको चासो ।

(२) **आवद्धता :**

सहकारी ऐन नियम अनुसार व्यवस्था भएका जिल्ला, प्रदेश, राष्ट्रिय स्तरका सहकारी संघहरू तथा विषयगत सहकारी संघहरु र सहकारी बैंकहरूको सदस्यता प्राप्त गरी आवद्धता हुन सक्नेछ ।

## परिच्छेद २

## संस्थाको उद्देश्य, कार्य र क्षेत्र

६. **उद्देश्य :** संस्थाकाउद्देश्यहरू देहायमा उल्लेख भए बमोजिम हुनेछन् ।

(क) स्वीकृत कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनस्तर वृद्धि गर्न सहकारी ऐन, नियम र यस विनियममा व्यवस्था भए बमोजिम आवश्यक सेवाका कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ख) संस्थामा संलग्न सदस्यहरू बीच स्वालम्बन, पारस्परिक सहयोग, उद्यमशीलता एवम् मितव्ययिताको भावना अभिवृद्धि गरी नियमित बचत गर्ने बानी प्रवर्द्धन गर्ने ।

(ग) सदस्यहरूसँग भएको सीप, श्रोतसाधन र श्रमको उच्चतम् प्रयोग गरी सदस्य स्वयम् र परिवारको लागि रोजगार सृजना गरी बचत वृद्धि गर्न सेवा पुऱ्याउने ।

(घ) सदस्य तथा समुदायलाई आवश्यकता अनुसार विभिन्न प्रकारका बचत, ऋण जस्ता वित्तीय सेवा उपलब्ध गराउने ।

(ङ) सभ्य तथा सुसंस्कृत समाजको निर्माण र राष्ट्रिय स्वाभिमानको विकासमा संस्थालाई उपयुक्त सहकारी सङ्गठनको रूपमा स्थापित गर्ने ।

(च) समाजमा व्याप्त गरिबी, बेरोजगारी, आर्थिक शोषण र अन्याय अत्याचारको अन्त्य गर्दै आदर्श समाजको निर्माण गर्ने ।

(छ) संस्थामा उपलब्ध साधन स्रोतलाई सीमित वर्ग, जातजाति, लिङ्ग, वर्ण वा व्यक्ति विशेषमा मात्र एकत्रित हुन नदिई सबै सदस्य, वर्ग र व्यक्तिहरुमा समान रुपले आर्थिक उपलब्धिको वितरण गरी सदस्यहरुलाई सामाजिक न्याय दिलाउनु ।

(ज) सदस्यहरूमा ज्ञान, सिप, धारणा र चेतनाको विकासका लागि विद्यालय सञ्चालनका साथै सहकारी शिक्षा, तालिम र परामर्श प्रदान गरी परिवर्तित प्रविधिको ग्रहण गर्न सक्षम बनाउने ।

(झ) सदस्य तथा समुदायलाई सुलभ सामाजिक सुरक्षाका सेवाहरूउपलब्ध गराउने ।

(ञ) महिला, बालबालिका, जेष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरूको सशक्तिकरणमा जोड दिने ।

(ट) सदस्यहरूको सुरक्षार्थ विमा योजनाका कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ठ) समान उद्देश्य भएका स्थानीय, प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी संघ तथा बैंकसँग आपसी हितको सम्बन्ध कायम गर्ने ।

(ड) सदस्यहरूलाई गुणस्तरीय दैनिक उपभोग्य सामाग्रीहरू सुलभ र उचित मूल्यमा उपलब्ध गराउने ।

(ढ) सदस्यहरूको आर्थिक तथा सामाजिक उत्थानका लागि कृषि तथा पशुपालन सम्बन्धी कार्यक्रम/परियोजनाहरू सञ्चालन गरी उनीहरूको उत्पादनलाई बजारीकरण गर्ने ।

(ण) सदस्यहरुका लागि विभिन्न आयमूलक, सिपमूलक एवंम उत्पालनशिल व्यवसाय सञ्चालनबाट रोजगार तथा समान अवसरहरु प्रदान गरि उनीहरुको आर्थिक विकास गर्ने ।

**७. कार्यहरू :**

(१) संस्थाले प्रचलित कानुनको अधिनमा रही देहायबमोजिमका कार्यहरू गर्नेछ ।

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने ।

(ख) सदस्यहरूको हित प्रर्वद्धन गर्ने गरी आर्थिक, सामाजिक, सांस्कृतिक एवम् व्यवसायिक सेवाहरू प्रदान गर्ने ।

(ग) सदस्य तथा समुदायलाई सहकारी/वित्तीय शिक्षासम्बन्धी तालिम, गोष्ठी, भ्रमण तथा शिविर जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने ।

(घ) संस्थाले उत्पादन गरेका सेवाको मापदण्ड निर्माण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने ।

(च) संस्थाको व्यावसायिक प्रर्वद्धन तथा विकास सम्बन्धी काम गर्ने ।

(छ) मन्त्रालय, सहकारी विभाग, रजिष्ट्रार तथा नियामक निकायको निर्देशन पालना गर्ने ।

(ज) प्रचलित सहकारी ऐन नियम, नीति निर्देशिका र मापदण्डको पूर्ण पालना गर्ने ।

(झ) ऐन बमोजिम शेयर बिक्री गरी स्वैच्छिक एवं खुल्ला सदस्यताको सिद्धान्तअनुरुप सदस्यता प्रदान गर्ने ।

(ञ) संस्थाका सेवा तथा कार्यहरू सञ्चालन गर्नका लागि आवश्यक पर्ने आन्तरिक कार्यविधि, नियमावली, नीति, निर्देशिका र योजना तथा कार्यक्रमहरू तर्जुमा गरी लागु गर्ने ।

(ट) सदस्यहरूले खरिद गरेको शेयर रकममा उचित लाभांश, सङ्कलन गरेको बचतमा प्रतिस्पर्धात्मक ब्याज र सुलभ ब्याजदरमा ऋण दिने लिने ।

(ठ) सुलभ दरमा थोक कर्जा लिई सदस्यहरूलाई आयमूलक कर्जा प्रदान गर्ने ।

(ड) सदस्यहरूलाई सेवा प्रदान गर्न पायक पर्ने स्थानमा सदस्य सेवाकेन्द्रको स्थापनाका साथै दक्ष जनशक्तिको व्यवस्था गर्ने ।

(ढ) सदस्यहरूलाई महिला तथा मिश्रित समूहगत संरचनामा सङ्गठित गरी, बचत तथा ऋण परिचालन, कृषि, पशुपालन र अन्य आयआर्जनका कार्यक्रम तथा परियोजनाहरू सञ्चालनबाट उत्पादित स्वच्छ, स्वस्थ र सुलभ मूल्यका सेवा तथा सामग्रीहरूको बजारीकरण गरी उत्पादक र उपभोक्ता दुबैलाई लाभान्वित गराउने ।

(ण) सदस्यहरूको उत्पादन तथा सेवाहरूको बजारीकरण गर्न सूचना सञ्जालको व्यवस्था मिलाउने ।

(त) सहकारी सिद्धान्त अनुरूप सहकारी संस्थाको उद्देश्य प्राप्तिका लागि सहकारी नियमावलीको अधीनमा रही निक्षेप स्वीकार्ने, समूहका सदस्यहरुलाई सदस्य जमानतमा लघु कर्जा तथा जग्गा भवन धितो कर्जाका कार्यक्रम सञ्चालन गर्ने ।

(थ) समुदाय तथा सदस्यहरुको सामाजिक, आर्थिक, साँस्कृतिक स्थितिको आधारमा पहिचान गर्ने । असल बचत कर्ता, उत्कृष्ट ऋणी, कुशल उद्यमी, उत्कृष्ट केन्द्र तथा समूह र सामुदायिक प्रतिभाहरुलाई उचित कदर पुरस्कार तथा सम्मानको व्यवस्था गरी सभ्य संस्कारको विकास गर्ने ।

(द) संस्था तथा संस्थाका कार्यक्रमहरूमा सुशासन कायम राखी उचित दण्ड पुरस्कारको व्यवस्था गर्ने ।

(ध) सदस्यहरूको बचत सुरक्षाको लागि जोखिम कोषको व्यवस्था गर्ने ।

(न) सदस्यहरूको जोखिम व्यवस्थापनमा सहयोग पुर्‍याउन संस्था स्वयम् अभिकर्ता भई अनुमतिप्राप्त विमा कम्पनीहरूसँग सम्झौता गरी सेवा उपलब्ध गराउने ।

(प) नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनी, सहकारी बैंक, सदस्यहरू, स्वदेशी वा विदेशी संघ संस्थाबाट आवश्यकता अनुसार अनुदान तथा थोक ऋण लिने र तिर्ने ।

तर, विदेशी संघसंस्था, व्यक्ति वा सरकारबाट अनुदान वा ऋण लिँदा नेपाल सरकारको पूर्व स्वीकृति लिइनेछ ।

(फ) सदस्यहरूलाई चाहिने उत्पादनका साधनहरू तथा सामग्रीहरूको थोक मूल्य सङ्कलन गर्ने र वस्तु उत्पादन तथा बिक्रीका लागि खरिदकर्तासँग समन्वय गराउने ।

रजिष्ट्रार

(ब) संस्थाले विद्यालय तथा शीत भण्डार जस्ता परियोजना सञ्चालन गर्ने ।

(भ) पर्यावरणीय सन्तुलनका लागि वृक्षारोपण, सरसफाई, विद्युतीय चुलो र विद्युत नपुगेको स्थानमा धुँवारहित चूलो जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने ।

(म) सदस्यहरुको हित संरक्षणका लागि पुरुष तथा महिला सदस्यहरूलाई संगठित गरी उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिक स-शक्तीकरणका साथै नेतृत्व विकासका कार्यहरू गर्ने ।

(य) सदस्यहरूको अधिकतम हितलाई ध्यानमा राखी सहकारी ऐन, नियम, मापदण्ड र यस विनियममा व्यवस्था भएबमोजिम दैनिक कार्य सञ्चालनका लागि आवश्यक परेको अवस्थामा चल, अचल, सम्पत्ति आर्जन गर्ने, हस्तान्तरण गर्ने, धरौटी राख्ने, बन्धक राख्ने, बिक्री आदि कार्य गर्ने ।

(र) परम्परागत तथा आधुनिक खेती प्रणाली, पशुपंक्षी पालन तथा करेसाबारी एवम् कौशीखेतीका लागि उन्नत बीउ, आधुनिक कृषि औजार, जैविक तथा रासायनिक मल विषादी आदि कृषि सामग्रीहरूको बिक्री वितरण गर्ने ।

(ल) कृषि तथा गैरकृषिमा आधारित उद्योग स्थापना गरी वस्तु तथा सेवा खरिद गर्ने, प्रशोधन गर्ने, उपभोक्ता भण्डार तथा दुग्धशाला जस्ता सेवाका इकाइहरू सञ्चालन गर्ने ।

(व) वित्तीय साक्षरता, सहकारी शिक्षा, परिवार कल्याण, इलम विकास र समूह परिचालनका आवश्यक तालिम तथा कार्यक्रमहरू सञ्चालन गरी सदस्य तथा व्यवस्थापन कर्मचारीहरुमा दक्षता वृद्धि गर्ने ।

(स) सदस्य तथा समुदायलाई सामुदायिक स्वास्थ्य सेवा उपलब्ध गराउने ।

(ष) संस्थाको व्यावसायिक क्षमता विकास र प्रवर्द्धनका लागि सहकारीका विषयगत/जिल्ला तथा प्रादेशिक संघहरू र सहकारी बैंकहरूको सदस्यता लिने र आवश्यक्ता अनुसार प्रतिनिधि पठाउने ।

(श) अनुमति प्राप्त रेमिटान्स कम्पनीहरुसँग सम्झौता गरी रेमिटान्स सेवा उपलब्ध गराउने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम कुनै निकायको स्वीकृति लिनुपर्ने सेवा वा व्यवस्थाको हकमा संस्थाले सम्बन्धित निकायको स्वीकृति लिएपछि मात्र प्राप्त स्वीकृतिको सर्त-बन्देज अन्तर्गत रही त्यस्तो सेवा वा व्यवसाय सञ्चालन गर्नेछ ।

**८. कार्यक्षेत्र :** संस्थाको कार्यक्षेत्र सुर्खेत, दैलेख र जाजरकोट जिल्लाका सम्पूर्ण स्थानीय तहहरू र सल्यान जिल्लाका बनगाड कुपिन्डे नगरपालिका, कालिमाटी गाउँपालिका, शारदा नगरपालिकाको वडा नं. ८, ९, कुमाख गाउँपालिकाको वडा नं. १, २ र सिद्ध कुमाख गाउँपालिका वडा नं. १ भित्र सीमित हुनेछ ।

## परिच्छेद ३
## सदस्यता

**९. संस्थाको सदस्य :**

(१) देहायका प्राकृतिक व्यक्तिहरू संस्थाको सदस्य हुनेछन्:

(क) यस अघि संस्थाको सदस्य रहेका व्यक्तिहरू र,

(ख) दफा (१०) बमोजिमको योग्यता पुगेका तथा दफा (११) बमोजिम सदस्यता वा दफा (१५) बमोजिम पुनः सदस्यता प्राप्त गरेका व्यक्तिहरू ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका सहकारी वा सामुदायिक विद्यालय, गुठी, स्थानीय क्लव, स्थानीय तहमा गठन भएका गैर नाफामूलक संस्था, उत्पादन एवम् सेवामूलक संघ संस्था तथा उपभोक्ता संस्थाहरूले दफा (१७) बमोजिम सदस्य हुन सक्नेछन् ।

**१०. सदस्यताको योग्यता :**

(१) सोह्र वर्ष उमेर पूरा गरेका देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरु संस्थाको सदस्य हुन सक्नेछन् :

(क) संस्थाको कार्यक्षेत्रभित्र स्थायी रूपमा वा कम्तीमा दुई वर्षदेखि नियमित रूपमा बसोबास रहेको,

(ख) संस्थाको मुख्य व्यावसायिक सेवा आवश्यक हुनुका साथै उपयोग गर्न सक्ने अवस्थामा रहेको,

(ग) संस्थाले सञ्चालन गरेको कारोबारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको,

(घ) यस विनियममा उल्लेख भएब मोजिम सदस्यको उत्तरदायित्व बहन गर्न स्वीकार गरेको,

(ङ) समान प्रकृतिको अन्य कुनै सहकारी संस्थामा सदस्य नरहेको,

(च) संस्थाको कम्तीमा एक कित्ता शेयर खरिद गर्न मञ्जुर भएको,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पत्ति शुद्धीकरण निवारण कानुन बमोजिम पहिचान तथा सम्पुष्टि हुन नसकेको खण्डमा सदस्यताको योग्यता नपुगेको मानिनेछ ।

**११. सदस्यताका लागि निवेदन र प्राप्ति** : सदस्यता प्राप्ति देहाय बमोजिम हुनेछ :

(१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष नेपाली नागरिकताको प्रतिलिपि सहित अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सदस्यता लिन चाहने व्यक्तिले सोही प्रकृतिको अन्य संस्थाको सदस्य नभएको स्वघोषणा पेस गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन परेको मितिले पैतिस दिनभित्र समितिले प्रचलित कानुनको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नुपर्नेछ । सदस्यता स्वीकृत भएका सदस्यले संस्थाले तोके बमोजिमको ढाँचामा सदस्यता पहिचान फारम (KYM) अनिवार्य रूपमा भरी पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम सदस्यता लिन चाहने व्यक्तिले आफूले चाहेको व्यक्तिलाई हकवाला राख्न सक्नेछ ।

(५) सदस्यता प्राप्ति सम्बन्धमा आवश्यक प्रक्रिया प्रचलित सहकारी ऐनअनुसार हुनेछ ।

**१२. सदस्यताको अन्त्य :**

(१) देहायमा उल्लेख भएको अवस्थामा कुनै पनि सदस्यको सदस्यता कायम रहने छैन :

(क) सदस्यले आफ्नो सदस्यताबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) मानसिक सन्तुलन गुमाएमा,

(ग) मृत्यु भएमा,

(घ) विनियममा भएको व्यवस्था बमोजिम सदस्यताबाट निष्काशित भएमा,

(ङ) संस्था विघठन भएमा,

(च) संस्थालाई हानि नोक्सानी हुने काम गरेको प्रमाणित भएमा,

(छ) प्रचलित कानुनले अयोग्य ठहरिएको प्रमाणित भएमा,

(ज) विनियमको दफा १० मा उल्लेखित सदस्यताको लागि चाहिने कुनै योग्यता नरहेमा,

(झ) एउटै कार्यक्षेत्रभित्रको समान प्रकृतिको अन्य सहकारी संस्थामा सदस्य भएमा,

(ञ) सम्पूर्ण शेयर हस्तान्तरण गरेमा वा शेयर वापतको रकम फिर्ता लिएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सदस्यले संस्थाबाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नुपर्ने बाँकी बक्यौता भुक्तानी गर्न बाँकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फबाट धितो वा जमानत बस्ने अरू कुनै सदस्यले संस्थाको सदस्यताबाट राजीनामा गर्न पाउने छैन । राजीनामा स्वीकृत भइसकेको रहेछ भने पनि निजले संस्थालाई तिर्नुपर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि साधारणसभा बोलाउने निर्णय भइसकेपछि साधारणसभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

**१३. सदस्यको निष्कासन :**

(१) सञ्चालक समितिले देहायको अवस्था परेमा छानबिन गरी एवम् सफाइको मौका समेत दिई कुनै सदस्यलाई निम्न आधारमा बहुमतको निर्णयले सदस्यताबाट निष्काशन गर्न सक्नेछ ।

(क) संस्थाको सञ्चालन र प्रगतिमा हानि हुने कुनै किसिमको कार्य गरे गराएमा,

(ख) संस्थाको स्वीकृत विनियम, नीति नियम र निर्णयहरुको वर्खिलाप हुने काम गरे गराएमा,

(ग) संस्थाको प्रतिष्ठामा आँच आउने खालको कार्य गरे गराएमा,

(घ) संस्थाको चल अचल सम्पत्ति हिनामिना गरेको प्रमाणित हुन आएमा,

(ङ) विनियममा व्यवस्था भएबमोजिम सदस्य हुन आवश्यक योग्यता नरहेमा ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यलाई सञ्चालक समितिले निष्काशन गर्नु अघि सम्बन्धित सदस्यलाई आफूलाई लागेको आरोप सम्बन्धमा स्पष्टीकरण दिने र आरोपको खण्डन गर्ने वा आवश्यक प्रमाण प्रस्तुत गर्न बढीमा ३५ दिनको म्याद दिइनेछ ।

(३) छानबिनको क्रममा समितिको बहुमत सदस्यको निर्णयले सम्बन्धित सदस्यलाई निष्कासन गर्न सक्नेछ । तर, सदस्यलाई लागेको आरोपका सम्वन्धमा त्यसको एथेष्ठ प्रमाण प्राप्त नगरी सकेको अबस्थामा त्यस्ता सदस्यलाई निलम्बन गरी संस्थाबाट कुनै खास सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरी बढीमा एक वर्षसम्मका लागि बन्देज लगाई छानबिनको प्रक्रिया सुचारु राख्न सक्नेछ ।

(४) उपदफा (१) र (२) अनुसारको निर्णयमा चित्त नबुझेमा सदस्यले रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीसमक्ष उजुरी गर्न सक्नेछ र तत्सम्बन्धमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

**१४. सदस्यताबाट राजीनामा :**

(१) कुनै सदस्यलाई संस्थाको सेवा तथा सुविधा आफूलाई आवश्यक छैन भन्ने लागेमा सदस्यताबाट राजीनामा दिन सक्नेछ । तर, सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट लिएको ऋण वा अन्य कुनै बाँकी बक्यौता चुक्ता गर्न बाँकी रहेको खण्डमा त्यस्तो सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने कुनै पनि सदस्यले राजीनामा दिन पाउने छैन ।

(२) सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने सदस्यको राजीनामा स्वीकृत भइसकेको रहेछ भने पनि त्यस्तो व्यक्तिले संस्थालाई तिर्नु बुझाउनुपर्ने दायित्वबाट छुट पाउने छैन ।

(३) उपदफा (१) बमोजिम सदस्यले आफ्नो सदस्यता छाड्नका लागि समिति समक्ष लिखित राजिनामा दिएको ३० (तीस) दिन भित्र समितिले आवश्यक निर्णय गरि सक्नुपर्नेछ ।

(४) सदस्यको राजिनामा सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार सञ्चालक समितिमा रहनेछ ।

**१५. पुनः सदस्यता :**

(१) सदस्यताबाट दिएको राजीनामा समितिबाट स्वीकृत भई संस्थाको सदस्यताबाट हटेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा राजीनामा स्वीकृत भएको मितिले एक ६ महिना पछि मात्र पुनः दफा १० बमोजिम निवेदन दिएमा सदस्यता प्राप्त गर्न सक्नेछ ।

(२) दफा १३ बमोजिम निष्कासन भएको सदस्यको हकमा निष्कासन भएको मितिले २ वर्ष नपुगी सस्थाले पुनः सदस्यता प्रदान गर्न सक्ने छैन ।

(३) दफा १३ को उपदफा (३) अनुसार निलम्वनमा रहेको सदस्यको हकमा निजले सफाई पाई निलम्वन फुकुवा भएको अबस्थामा निजको सदस्यता कायमै रहनेछ ।

(४) माथि जुनसुकै कुरा लेखिएको भएतापनि ऋण भाखा नाघेर कानुनी प्रक्रियाबाट असुली भएका तथा गम्भिर आरोप पुष्टि भएका सदस्यलाई पुनः सदस्यता प्रदान गरिने छैन ।

**१६. सदस्यको काम, कर्तव्य र अधिकार** : सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) एक व्यक्ति एक मतको आधारमा मात्र आफ्नो मताधिकार प्रयोग गर्न पाउने,

(ख) साधारण सभाबाट निर्वाचित भई संस्थाको नेतृत्व लिने वा विभिन्न जिम्मेवारीमा सक्रिय सहभागिताका लागि सरिक हुने,

(ग) संस्थालाई व्यावसायिक कारोबारका लागि उपयोग गर्ने,

(घ) संस्थाको बचत तथा ऋण नीतिको आधारमा ऋण प्राप्त गर्ने र सोको किस्ताबन्दी रूपमा साँवा तथा ब्याज नियमित रूपमा भुक्तानी गर्ने,

(ङ) सदस्य एवम् संस्थाको हितमा सञ्चालकहरूलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने,

(च) संस्थाको साधारण सभामा सहभागी भई छलफलमा भाग लिने तथा संस्थाको गतिविधिका बारेमा जानकारी लिने,

(छ) साधारणसभाको विभिन्न विषयमा गरिने निर्णयमा आफ्नो मतको प्रयोग गर्ने,

(ज) संस्थाले सदस्यका लागि सञ्चालन गरेका सुविधाको उपभोग निर्धारित विधि अनुसार गर्ने,

(झ) सहकारीका प्रचलित कानुन र सहकारीका सर्वमान्य मूल्य मान्यता तथा सिद्धान्त बमोजिम काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने,

(ञ) समाजमा सहकारीता झल्कने खालका क्रियाकलापहरूलाई प्रोत्साहन गरी पारस्परिक सहयोगको क्षेत्रमा समाजलाइ अग्रसरता दिने,

(ट) सामुहिक क्रियाकलाप तर्फ उन्मुख हुने,

(ठ) संस्था तथा समूहहरूमा स्वयम् सेवकीय सेवा प्रदान गर्न तत्पर रहने, संस्थाको क्रियाकलापको जानकारी लिने, संस्था तथा अन्य सदस्यहरूसँग सम्पर्क समन्वय गरिरहने ।

**१७. सदस्यता खुला रहने :**

(१) यस विनियम बमोजिम योग्यता पुगेको व्यक्तिलाई देहाय बमोजिमको अवस्थामा संस्थाको सदस्यता खुल्ला रहनेछ ।

(क) निर्धारित योग्यता पुगेको कुनै व्यक्तिलाई संस्थाको सदस्य बन्न राजनैतिक, आर्थिक, जातीय, लैङ्गिक तथा अन्य कुनै आधारमा विभेद गर्न नहुने,

(ख) सदस्य संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरेकै हुनुपर्ने,

(ग) सदस्यताको जिम्मेवारी वहन गर्न स्वीकार गर्नुपर्ने,

(घ) संस्थाले उपलब्ध गराउने सेवा उपभोग गर्न तयार हुनुपर्ने,

(ङ) सदस्यले संस्थाको सदस्यता छाड्न चाहेमा सदस्यता छाडी अलग हुन सक्ने,

(च) कृत्रिम छेकवार (बन्देज) लगाई सदस्य बन्न वा सदस्यता त्याग गर्नबाट बञ्चित गर्न नहुने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साधारणसभा बोलाउने निर्णय भई साधारण सभा सम्पन्न नहुँदा सम्मको अवधिमा कसैलाई पनि नयाँ सदस्यता दिन वा सदस्यताबाट हटाउन सकिने छैन ।

### १८. सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने :

(१) दफा १० बमोजिम योग्यता पुगेका व्यक्तिहरूले स्वेच्छिक रूपमा सदस्य प्राप्ति गर्न, पुनःप्राप्ती गर्न र राजीनामा दिन सक्नेछन ।

(२) कुनै पनि व्यक्तिलाई प्रलोभन देखाई वा आकर्षक विज्ञापन मार्फत सदस्यता प्राप्ति गर्न वा राजीनामा गर्न बाध्य पारिने छैन ।

### १९. सदस्यताको दर्ता किताब :

विनियमको दफा ११ अनुसार सदस्यता प्राप्त गर्ने सदस्यहरूको फोटो र तीन पुस्ते विवरण सहित सदस्यता दर्ता किताबमा व्यवस्थित गरी राखिनेछ। सदस्यता दर्ता किताबको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ ।

## परिच्छेद ४
## पुँजी परिचालन

### २०. शेयर पुंजी :

(१) यस संस्थाको कुल शेयर पुँजी रू.५०,००,००,०००।- (अक्षेरुपी पचास करोड रूपैयाँ) हुनेछ । संस्थाको सेवा सञ्चालनका लागि आवश्यक रकम यथाशक्य सदस्यहरूले दफा २२ बमोजिम सदस्यताको सर्त स्वरूप र दफा २१ बमोजिम स्वेच्छाले खरिद गरेको शेयरबापतको पुँजीको रूपमा जुटाइनेछ ।

(२) संस्थाको प्रति एक शेयरको मूल्य रू. १००।- (अक्षेरुपी एक सय रूपैयाँ) हुनेछ ।

(३) संस्थाले दफा ९ को उपदफा (२) मा उल्लेख गरिए बमोजिम सदस्य बन्न ईच्छुक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका निकायहरू, गैरनाफामुलक स्थानीय समूह वा क्लवहरु तथा ऐनको दफा २८ को उपदफा (२) मा उल्लेख भएका संघसंस्थालाई शेयर बिक्री गर्न सक्नेछ तर नाफा कमाउने उद्देश्यले बनेका अन्य कुनै कृत्रिम व्यक्तिलाई शेयर बिक्री गर्ने छैन ।

(४) संस्थाले सार्वजनिक रूपमा विज्ञापन गरेर वा आर्कषक उपहार व्यवस्था गरेरशेयर बिक्री गर्ने छैन ।

(५) संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गर्ने छैन ।

तर, सहकारीको सिद्धान्त एवम् प्रचलित कानुन बमोजिम सहकारी संस्थाहरूबिच आपसी सम्झौता बमोजिम संयुक्त रूपमा कुनै कार्यक्रम सञ्चालन गर्न वा संस्थाको हितका लागि आर्थिक कारोबार गर्न वा ऐनको दफा २८ को उपदफा (३) बमोजिम स्वास्थ्य सहकारी संस्थामा संस्थाले सदस्यदता लिन बाधा पर्ने छैन ।

(६) संस्थाले कुनै पनि बैंक वा वित्तीय संस्था वा अन्य कम्पनीको शेयर खरिद गर्ने छैन तर सहकारी बैंक वा आफू सदस्य रहेको सहकारी संघहरूको शेयर खरिद गरी सहकारीको विकासमा योगदान पुऱ्याउन सक्नेछ ।

(७) उपदफा (१) बमोजिमको कुल शेयर पूँजीमा वृद्धि गर्नु परेमा साधारणसभाबाट पारित गरी सम्बन्धित नियामक निकायको स्वीकृतिमा पुंजी बृद्धि गर्दै लैजान सक्नेछ ।

(८) संस्थाले सदस्यहरूको व्यक्तिगत शेयर खाता तोकिए बमोजिमको ढाँचामा अद्यावधिक गरी राख्नेछ ।

## २१. सदस्य बन्न कम्तीमा एक कित्ताशेयर खरिद गर्नुपर्ने :

विनियमको दफा ११ बमोजिम सदस्यता स्वीकार भइसकेपछि सदस्यले कम्तीमा एक कित्ता शेयर खरिद गर्नुपर्नेछ ।

## २२. थप शेयर खरिद गर्न सक्ने :

संस्थाको कुल चुक्ता शेयर पुंजीको बीस प्रतिशत नबढाई कुनै सदस्यले जतिसुकै पनि शेयर लिन सक्नेछन् ।

## २३. शेयर फिर्ता वा हस्तान्तरण :

(१) कुनै सदस्यको सदस्यता कायम नरहेको अवस्थामा निजले संस्थामा लगानी गरेको शेयर र बचतका रकमहरूमध्ये बचतमा जम्मा भएका रकमहरूको हरहिसाब चेकजाँच गरी सदस्य त्याग गरेको मितिले तीस दिनभित्र नियम अनुसारको ब्याजसहित सम्बन्धित सदस्यलाई फिर्ता दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको फिर्ता दिन बाँकी देहायका रकम सदस्यता त्याग गरेको आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन पारित भएको तिस दिनभित्र निवेदकलाई फिर्ता दिइनेछ ।

(क) निवेदकको शेयर अङ्कित बराबरको रकम,

(ख) संस्था मुनाफा भएको अवस्थामा भुक्तानी लिन बाँकि शेयर लाभांश र संरक्षित पुंजी फिर्ता बापतको रकम,

(ग) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएतापनि संस्था घाटामा गएको अवस्थामा सञ्चित घाटाको रकम शेयर पुँजीबाट समानुपातिक रूपमा घटाई बाँकी रहेको हिसाब मात्र शेयर बापतको रकम फिर्ता दिइनेछ ।

(३) सम्बन्धित सदस्यले चाहेमा संस्थाको आवश्यक प्रक्रिया पुरा गरी विनियम बमोजिम योग्यता पुगेको अर्को व्यक्तिलाई शेयर हस्तान्तरण गर्न सकिनेछ।

(४) संस्थाले कुनै सदस्यको मृत्यु भएमा निजको नाउँमा रहेको र संस्थाबाट निजलाई प्राप्त हुने हक निजले कुनै हकवाला मनोनित गरेको रहेछ भने सो हकवालालाई र सो हकवाला नभए प्रचलित कानुन बमोजिमको हकवालाको नाउँमा नामसारी गरिदिन सकिनेछ।

२४. **प्रवेश शुल्क** : विनियमको दफा ११ अनुसार निवेदन स्वीकार भएको अवस्थामा निवेदकले प्रवेश शुल्क वापत  पछि फिर्ता नहुने गरी रू.१००।- (अक्षेरुपी एक सय रुपैयाँ) बुझाउनु पर्नेछ ।

२५. **कृत्रिम छेकबार नलगाइने** :

(१) संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिलाई दफा १० को उपदफा (१) बमोजिम योग्यता नपुगेको वा सोही दफाको उपदफा (२) मा उल्लिखित अवस्था भएकोमा बाहेक दफा २१ बमोजिम खरिद गर्नुपर्ने एक शेयरको वा दफा २४ बमोजिम बुझाउनुपर्ने प्रवेश शुल्कको रकम बढी राखेर वा औपचारिक वा अनौपचारिक रूपमा अघि र अहिलेको हिसाब मिलाउने वा अन्य कुनै प्रकारको सम्मतिको बहानाबाजीमा खुला सदस्यताको सर्वमान्य सहकारी सिद्धान्त विपरीत कृत्रिम छेकबार लगाइने छैन ।

(२) कुनै निवेदकले उपदफा (१) बमोजिम आफूलाई कृत्रिम छेकबार लगाइएको भन्ने लागेमा साधारणसभा वा रजिष्ट्रार समक्ष उजुरी दिन सक्नेछ ।

२६. **शेयर प्रमाण-पत्र** :

संस्थाले सदस्यहरूलाई शेयर खरिद गरे वापत अनुसूची-४ बमोजिमको ढाँचामा संस्थाको छाप लागेको र अधिकार प्राप्त अधिकारीको हस्ताक्षर भएको शेयर प्रमाणपत्र दिनेछ र सो प्रमाणपत्र हराएमा वा नासिएमा रू. १००।- तिरी सदस्यले प्रतिलिपि प्रमाणपत्र प्राप्त गर्न सक्नेछ। तर सदस्यता पहिचान फारम (KYM) पूरा नगरेका सदस्यलाई प्रमाणपत्र उपलब्ध गराइने छैन ।

२७. **सदस्यको दायित्व सीमित हुने** :

(१) सदस्यको दायित्व आफूले खरिद गरेको शेयर रकमसम्म मात्र सिमित रहनेछ ।

(२) संस्थाको विनियम तथा आन्तरिक नीति तथा कार्यविधिहरूको पालना गर्नु सदस्यको दायित्व हुनेछ ।

## परिच्छेद ५
## साधारणसभा सम्बन्धी व्यवस्था

**२८. साधारण सभा :**

(१) संस्थाका सम्पूर्ण सदस्यहरू सम्मिलित साधारणसभा हुनेछ । त्यो साधारण सभाका सम्पूर्ण सदस्यहरू सभाका सदस्य हुनेछन् । साधारणसभा देहाय बमोजिम हुनेछन् ।

(क) वार्षिक साधारण सभा,

(ख) विशेष साधारण सभा ।

**(क) वार्षिक साधारण सभा :**

(१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र संस्थाले अनिवार्य रूपमा वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वार्षिक साधारण सभा नबोलाइएको अवस्थामा पन्ध्र प्रतिशत सदस्यले त्यस्तो सभा बोलाउन रजिष्ट्रार समक्ष निवेदन दिएमा वा नदिएमा पनि उपदफा (१) मा तोकिएको म्याद समाप्त भएको मितिले पैंतीस दिनभित्र रजिष्ट्रार वा निजले तोकेको व्यक्तिले त्यस्तो सभा वोलाउन सक्नेछ । यसरी बोलाएको सभा सञ्चालनको सम्पूर्ण दायित्व संस्थाको हुनेछ ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिम वार्षिक साधारण सभा बोलाउँदा सभा हुने स्थान, समय र मिति तथा छलफलका विषयहरू समेत खुलेको विवरण कम्तीमा पन्ध्र (१५) दिन अगावै सदस्यहरूलाई सूचना दिनुपर्ने कर्तव्य सञ्चालक समितिको हुनेछ । त्यस्तो सूचना पत्रद्वारा र आवश्यकता अनुसार सदस्यको पहूँचमा हुन पत्रपत्रिका, एस.एम.एस., रेडियो तथा सञ्चारका विद्युतीय माध्यमबाट समेत दिन सकिनेछ ।

(४) वार्षिक साधारण सभाको गणपूरक सङ्ख्या त्यस्तो सभाको तत्काल कायम रहेको सदस्य सङ्ख्याको कम्तीमा ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा सभाको कामकारवाही सुरू हुनेछ ।

(५) पहिलो पटक गणपूरक सङ्ख्या नपुगेमा त्यसको सातदिन भित्र दोश्रो पटक साधारण सभा बोलाउनु पर्नेछ । त्यस्तो साधारण सभामा सञ्चालक समितिको बहुमत सहित एकतिहाई सदस्य उपस्थित भए गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) वार्षिक साधारण सभाको सभापतित्व सञ्चालक समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये जेष्ठ सदस्यले सभापतित्व गर्नेछ ।

(७) वार्षिक साधारण सभामा छलफल गरिने सबै विषयहरू प्रस्तावको रूपमा पेस गर्नुपर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरूको बहुमतबाट निर्णय गरिनेछ । मत बरावर भएमा मात्र अध्यक्षता ग्रहण गरिरहेको सभापतिले निर्णायक मत दिनेछ ।

**(ख) विशेष साधारण सभा :**

(१) संस्थाको विशेष साधारणसभा देहायको अवस्थामा सदस्यलाई प्रचलित कानूनी व्यवस्था अनुसार सूचना दिई समितिले बोलाउन सक्नेछ ।

रजिष्ट्रार

(क) संस्थाको हिसाब जाँचको सिलसिलामा लेखापरिक्षकले पर्याप्त कारण देखाई सञ्चालक समिति समक्ष सुझाव पेश गरेमा, वा

(ख) ऐनको दफा ४७ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरिवेक्षण समितिले विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारिस गरेमा, वा

(ग) कुनै सञ्चालकले उचित कारण खोली विशेष साधारणसभा बोलाउन माग गरेको प्रस्ताव समितिद्वारा पारित भएमा, वा

(घ) संस्थाको कूल सदस्यको पन्ध्र प्रतिशत सदस्यले पर्याप्त कारण देखाई सञ्चालक समिति समक्ष निवेदन दिएमा, वा

(ङ) समितिले कुनै खास कामका लागि विशेष साधारणसभा बोलाउने निर्णय गरेमा,

(च) ऐनको व्यवस्था अनुसार रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त व्यक्तिबाट विशेष साधारणसभा गर्न भनि निर्देशन प्राप्त भएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा कार्यकारी प्रबन्धकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरुमध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारणसभा गर्न सकिनेछ ।

## २९. साधारण सभाको बैठक :

(१) संस्थाका सम्पूर्ण शेयर सदस्य भएको संस्थाको सर्वोच्च अंगको रुपमा साधारण सभा हुनेछ ।

(२) साधारण सभाको बैठकमा सदस्यहरू भौतिक रुपमा उपस्थित हुनुपर्नेछ ।

(३) साधारण सभाको बैठक बोलाउँदा सभा हुने स्थान, समय र मिति तथा छलफलका विषयहरू समेत खुलेको विवरण कम्तिमा तीस दिन अगावै सदस्यहरूलाई सूचना दिनुपर्ने कर्तव्य सञ्चालक समितिको हुनेछ । त्यस्तो सूचना पत्रद्वारा र आवश्यकता अनुसार सदस्यहरूको पहूँचमा रहने पत्रपत्रिका, एस.एम.एस, एफ.एम. रेडियो, वेवसाइट र सञ्चारका विद्युतीय माध्यमबाट समेत दिन सकिनेछ ।

(४) समितिले साधारण सभाको बैठकमा पेश गरिने विषयको प्रस्तावका साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरूलाई बैठक बस्ने दिन अगावै यथासक्य उपलब्ध गराउनु पर्दछ वा सजिलै उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनु पर्दछ ।

(५) साधारण सभाको गणपुरक संख्या त्यस्तो सभाको तत्काल कायम रहेको सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्यहरू उपस्थित भएमा सभाको कामकारवाहि सुरु हुनेछ ।

तर, पहिलो पटक गणपुरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोश्रो पटक साधारण सभा बोलाउनु पर्नेछ । त्यस्तो साधारण सभामा सञ्चालक समितिको बहुमत सहित एक तिहाई सदस्य उपस्थित भए गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) साधारणसभाको बैठकमा छलफल तथा विचार-विमर्शका लागि पर्याप्त समय छुट्याउनु पर्दछ ।

(७) साधारण सभाको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति, उपस्थित सञ्चालकहरूका साथै समितिको कुल सदस्य संख्या भन्दा कम्तिमा एक जना बढी हुने गरी बैठकले उपस्थित साधारण सदस्यहरू मध्येबाट चुनेका सदस्यहरूले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नु पर्दछ ।

(८) ऐन तथा नियमावलीको व्यवस्था अनुसार सदस्य संख्या दुई हजार नाघेपछि एकै स्थानमा सबै जना जम्मा भएर साधारण सभाको बैठक गर्न असुविधा हुने देखी समितिले पायकको स्थान-स्थानमा समान कार्यसूची उपर छलफल गर्न बैठक राख्नुपरे प्रत्येक स्थानमा सञ्चालक तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरू सबैलाई उपस्थितिका लागि डाक्नुपर्दछ ।

(९) उपदफा (८) मा उल्लिखित अवस्थामा सबै बैठकहरूको अध्यक्षता गर्ने व्यक्तिहरूका साथै समितिका पदाधिकारीको जम्मा संख्या भन्दा कम्तिमा दुई गुणाभन्दा बढी तर तीन गुणा ननाघ्ने गरी प्रत्येक एकाइबाट कम्तिमा तीन जनाका दरले चुनिएका प्रतिनिधिहरूले साधारणतया अन्तिम बैठक बसेको सात दिनभित्र संस्थामा जम्मा भएर प्रत्येक पानामा सहीछाप गरी बैठकको निर्णय प्रमाणित गर्नेछन् ।

(१०) उपदफा (८) को अवस्थामा प्रत्येक बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र उपदफा (९) बमोजिम चुनिएका प्रतिनिधिहरूले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नेछन् ।

(११) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि सबै वा कुनै बैठकको अध्यक्षता गरेकोमा बाहेक सञ्चालक वा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूले उपदफा (९) बमोजिम प्रमाणित हुने बैठकको निर्णय प्रमाणित गर्नु आवश्यक हुने छैन ।

(१२) साधारणसभाको बैठकको कार्यविधिका सम्बन्धमा अन्य व्यवस्था रजिष्ट्रारले तोकिदिए बमोजिम हुनेछ ।

**३०. साधारण सभाको काम, कर्तव्य र अधिकार :**

(१) साधारण सभाका काम, कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछन् :

(क) संस्थाको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने, सञ्चालक वा लेखा सुपरिवेक्षण समितिका संयोजक वा सदस्यलाई हटाउने, समिति वा लेखा सुपरिवेक्षण समितिको विघटन गर्ने,

(घ) सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने,

(ङ) सहकारी ऐन, नियमको अधीनमा रही विनियम संशोधनको प्रस्ताव उपर छलफल गरी निर्णय गर्ने,

(च) संस्थाको आन्तरिक नीति, कार्यविधि, निर्देशिका तथा मापदण्ड अनुमोदन गर्ने तथा संशोधन गर्ने,

(छ) लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(झ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ञ) हिसाब-किताब र मिनाहा सम्बन्धमा छलफल तथा अनुमोदन एवम् निर्णय गर्ने,

(ट) सदस्य निष्काशन सम्बन्धमा समितिले गरेको निर्णय उपर पुनरावेदन सुन्ने,

(ठ) साधारण सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधि छनौट गर्ने,

(ड) विनियम बमोजिम खुद बचत वितरण गर्न स्वीकृति दिने,

(ढ) संस्थाले लिन दिन सक्ने अधिकतम ऋण वा धरौटीको सीमा तोक्ने,

(ण) साधारण सभाको अध्यक्षले पेस गर्ने अन्य कुनै प्रस्ताव उपर विचार गर्ने,

(त) रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले संस्थामा गरेको निरीक्षण र सोधपुछ प्रतिवेदन उपर छलफल गर्ने,

(थ) सदस्य सेवाकेन्द्र, सम्पर्क कार्यालय खोल्ने सम्बन्धमा निर्णय गर्ने,

(द) संस्था एकीकरण तथा विघटन सम्बन्धी निर्णय गर्ने,

(ध) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने,

(न) सस्थाले एक तह माथिका छाता संघ वा अन्य निकायहरूमा प्रतिनिधित्व गर्नका लागि प्रतिनिधित्व गर्ने सदस्यको निर्वाचन गर्ने ।

(२) संस्था विघटन, एकीकरण वा विभाजन गर्नुपर्ने भएमा सहकारी ऐन, नियम बमोजिमको प्रक्रिया पुऱ्याई गरिनेछ ।

**३१. साधारण सभाको निर्णय अनिवार्य हुने** : यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको विषयमा साधारण सभाको निर्णय अनिवार्य हुनेछ,

(क) संस्थाको कार्यसञ्चालनका लागि कर्मचारी प्रशासन, परामर्शदाता नियुक्ति, आर्थिक प्रशासन लगायतका कार्यविधि तथा निर्देशिकाहरु बनाउन,

(ख) संस्थाले नेपाल सरकार वा प्रदेश सरकारका निकाय, स्थानीय तह, अन्य सहकारी सङ्घसंस्था, गैरसरकारी सङ्गठनसँगको साझेदारीमा कुनै काम गर्ने सम्बन्धमा निर्णय लिन,

(ग) निजी क्षेत्रको कुनै उद्योग, व्यवसायसँग संस्थाले व्यावसायिक सम्झौता गर्नुपर्ने अवस्थामा त्यस्तो सम्झौताको ढाँचा समेत तोकी पूर्व-स्वीकृति दिन,

(घ) संस्थाले कुनै निकायबाट ऋण लिने वा अन्यथा दीर्घकालीन भैपरी दायित्व सृजना गर्नुपरेमा,

(ङ) बचत तथा ऋणको व्याजदर निर्धारण गर्न,

(च) लेखापरीक्षकको नियुक्ति गर्न वा पारिश्रमिक तोक्न,

(छ) वार्षिक कार्यक्रम, बजेटका साथै जुनसुकै योजना, नीति, रणनीति पारित गर्न,

(ज) सञ्चालक वा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको सुविधा तोक्न वा संस्थाको खर्चमा निजहरूलाई वैदेशिक सभा, व्यापार मेला वा अवलोकन भ्रमण लगायतमा पठाउन ।

**३२. गाउँ/टोल/उपक्षेत्रीय बैठक :**

(१) संस्थाका समस्त क्रियाकलापमा सबै साधारण सदस्यहरूको नियमित रूपमा प्रत्यक्ष एवम् रचनात्मक सहभागिता सुगम बनाउन कार्यक्षेत्र अन्तर्गत साधारणतया ३० जनाभन्दा बढी सदस्य पर्ने पायकको गाउँ, टोल वा उपक्षेत्रमा संकलन, वितरण वा परिचालन सेवा संयोजनको बिन्दु पारेर साधारणसभाबाट तोकिए अनुसार सातवटासम्म उपक्षेत्र कायम गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कायम गरिएको प्रत्येक उपक्षेत्र भित्रका सदस्यहरू सबै जना स्वतः सहभागी हुने गरी सदस्य सहभागिताको विस्तारित मञ्चको रूपमा गाउँ/टोल/उपक्षेत्रीय बैठक रहनेछ ।

### ३३. गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरू :

(१) गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरू देहाय बमोजिम हुनेछन् :

(क) सदस्यहरूको आर्थिक उन्नयनका लागि समस्या तथा सम्भावनाहरूको सहभागितामूलक लेखाजोखा गरेर व्यावसायिक योजना तर्जुमा गरी संस्थामा पठाउने,

(ख) सदस्यहरूका साथै समुदायका सबैले सामना गर्नु परिरहेको सामाजिक जीवन, विकास र संरक्षणतर्फका साझा समस्याहरूको सम्बोधनका लागि सरोकारवालाहरूसँग मिलेर कार्ययोजनाहरू तर्जुमा एवम् कार्यान्वयन व्यवस्था मिलाउने,

(ग) शिक्षा शिविर लगायतका शैक्षिक एवम् जनचेतनामूलक गतिविधिहरू विस्तार गरेर समुदायमा सहकारी जागृति ल्याउने,

(घ) संस्थाका सेवाहरूको सञ्चालनमा क्रियाकलाप केन्द्रको रूपमा कार्य, स्रोत तथा साधनको जिम्मा लिएर सक्रिय भूमिका खेल्ने,

(ङ) महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिकामा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका निकायहरू र गैरसरकारी सङ्गठनहरूबाट प्राप्त हुने सेवाहरूमा सदस्यहरूको पहुँच दिलाउन संस्था मार्फत् सेवा प्रदायकहरूसँग सम्पर्क स्थापना, बैठकमा आमन्त्रण, सहकार्यको प्रस्ताव समेतका पहलकदमी लिने,

(च) समुदायका विपन्न सदस्यहरूसम्म सदस्यता विस्तार गर्नुका साथै संस्था तथा सम्बन्धित सेवा प्रदायकहरूबाट प्राप्त हुने सेवाहरूमा उनीहरूको पहुँच स्थापित गराउने,

(छ) संस्थाको नेतृत्व पंक्तिले सदस्यहरूको अपेक्षा अनुसार कार्य गरे, नगरेको बहस चलाएर विचलनहरूमा खबरदारी गर्ने,

(ज) आफ्नै प्रयासबाट जीविकोपार्जनका आधारहरू फराकिलो पार्न सकिन्छ भन्ने खालका रचनात्मक अभ्यासहरूबाट पहिचान बनाउने र

(झ) यस विनियमका व्यवस्थाका साथै साधारणसभाबाट भएका निर्णयहरूको कार्यान्वयन एवम् सोको सिलसिलामा आवश्यक अन्य कार्यहरू गर्ने ।

(२) समितिले संस्थाको, रणनीति, व्यावसायिक योजना वा कार्यक्रम बजेट तर्जुमा गर्दा गाउँ/टोल/उपक्षेत्रीय बैठकबाट प्राप्त प्रस्तावहरूमा ध्यान दिनुका साथै आम रूपमा सदस्यहरूलाई असर पर्ने खालको कुनै प्रस्तावको मस्यौदामा गाउँ/टोल/उपक्षेत्रीय बैठकको प्रतिक्रिया लिएर प्राप्त प्रतिक्रियाको विवरणसमेत खुलाएर साधारण सभामा पेस गर्नुपर्नेछ ।

### ३४. गाउँ/टोल/उपक्षेत्रीय बैठकको कार्य व्यवस्था :

(१) गाउँ/टोल/उपक्षेत्रीय बैठकको कार्यव्यवस्था मिलाउन देहाय बमोजिमको संयोजन समिति रहनेछ :

रजिष्ट्रार

(क) दफा ३५ बमोजिम गाउँ/टोल/उपक्षेत्रीय बैठकको प्रतिनिधित्व गर्ने समितिको सदस्य - संयोजक

(ख) सदस्यहरू मध्येबाट निर्वाचित एक जना - कोषाध्यक्ष

(ग) सदस्यहरू मध्येबाट निर्वाचित दुई जना - सदस्य

(घ) सदस्यहरू मध्येबाट निर्वाचित एक जना - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम संयोजन समिति गठन गर्दा उपलब्ध भएसम्म कम्तीमा दुई जना महिला सहभागिता सुनिश्चित हुनुपर्नेछ ।

(३) गाउँ/टोल/उपक्षेत्रीय बैठक प्रत्येक महिना कम्तिमा एक पटक पर्ने गरी आवश्यकता अनुसार बस्नेछ ।

(४) गाउँ/टोल/उपक्षेत्रीय बैठकमा अन्तर्गतका सबै सदस्यहरूलाई अनिवार्य रुपमा बोलाउनु पर्नेछ।

तर, यसमा लेखिएको कुनै कुराले बैठकको कार्यसूची तयार पार्ने वा निर्णय कार्यान्वयन गर्ने सिलसिलामा संयोजन समितिका सदस्यहरू मात्र बसी बैठक राख्न बाधा पर्ने छैन ।

(५) गाउँ/टोल/उपक्षेत्रीय बैठकको गणपूर्ती ५१ प्रतिशत हुनेछ र उपस्थित सदस्यहरूको बहुमतबाट जुनसुकै निर्णय गर्न सकिनेछ ।

## परिच्छेद ६

## प्रतिनिधिमूलक अङ्गहरू

**३५. सञ्चालक समिति :**

(१) संस्थाका दैनिक कार्य संचालनका लागि साधारण सभाले एक-एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र बाँकी सात जना सदस्य गरी जम्मा एघार जनाको सञ्चालक समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको गठन गर्दा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको निर्वाचन दफा २९ को उपदफा (९) बमोजिम साधारणसभाका लागि छनौट भएका प्रतिनिधिहरु मध्येबाट र बाँकी सदस्यहरूको निर्वाचन दफा ३२ बमोजिम गाउँ/टोल/उपक्षेत्र कायम गरिएको अवस्थामा सोही दफाको उपदफा (१) बमोजिम कायम हुने उपक्षेत्रहरू प्रत्येकबाट सदस्य संख्याका आधारमा कम्तिमा एक जना पर्ने गरी सम्बन्धित उपक्षेत्रभित्रका सदस्यहरू मध्येबाट गरिनेछ ।

तर, कुनै सदस्य सदस्यता लिएको एक वर्ष व्यतीत नभई सञ्चालकमा उम्मेद्वार बन्न सक्ने छैन ।

(३) उपदफा (२) बमोजिम निर्वाचन गर्दा उपलब्ध भएसम्म कम्तिमा ३३ प्रतिशत (अर्थात चार जना) महिला पर्ने गरी प्रत्येक निर्वाचनमा कम्तीमा तीन वटा गाउँ/टोल/उपक्षेत्रीय बैठकहरूबाट महिला सदस्यहरू मध्येबाट मात्र उम्मेद्वार बन्ने र साथै अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये समेत प्रत्येक निर्वाचनमा फरक पर्ने गरी कम्तीमा एउटा पदमा महिला सदस्यहरू मध्येबाट मात्र उम्मेद्वार बन्ने गरी साधारण सभाले निर्णय गर्नेछ ।

(४) सञ्चालकहरूको पदावधि चार वर्षको हुनेछ । उनीहरू पुनः निर्वाचित हुन सक्नेछन् । तर एउटै व्यक्ति लगातार दुईपल्टभन्दा बढी अध्यक्षमा निर्वाचित हुन सक्ने छैन ।

(५) सञ्चालकको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिका लागि उप-निर्वाचनबाट पूर्ति गरिनेछ।

(६) उपदफा (५) बमोजिम उपनिर्वाचन गर्दा उपदफा (३) बमोजिम महिला सदस्यहरू मध्येबाट उम्मेद्वार भई निर्वाचित भएको पद रिक्त भएको भए तदनुसार नै गरिनेछ ।

(७) नयाँ समितिको निर्वाचन नभएसम्म मौजुदा समितिले नै कार्य गर्नेछ ।

(८) एकै परिवारको एकभन्दा बढि सदस्य एकै अवधिमा सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको पदमा उम्मेदवार बन्न वा बहाल रहन सक्ने छैन ।

(९) संस्थालाई तिर्नु, बुझाउनुपर्ने, बेरुजु वा भाखा नाघेको ऋण वा बक्यौता रकम रहेको भए सो फर्छ्यौट नहुँदासम्म सम्म उम्मेदवार हुन पाउने छैन ।

**३६. सञ्चालकको योग्यता :**

(१) सञ्चालक समितिका सदस्य हुन देहाय बमोजिम हुनुपर्नेछ :

(क) संस्थाको सदस्यता लिएको कम्तीमा एक वर्ष पूरा भएको,

(ख) स्वयम् तथा निजको परिवारको सदस्यले संस्थालाई तिर्न, बुझाउनुपर्ने बेरूजु, भाखा नाघेको कर्जा वा बक्यौता रकम नभएको,

(ग) संस्थामा नियमित रुपमा सेवा उपयोग गरेको,

(घ) संस्थाका गतिविधिहरूमा नियमित रूपमा सक्रिय भाग लिएका,

(ङ) सहकारी सम्बन्धि ज्ञान भएको,

(च) सहकारी मूल्य, मान्यता र सिद्धान्त को पालना गर्न प्रतिवद्ध भएको ।

**३७. समितिको काम, कर्तव्य र अधिकार :**

(१) सहकारी ऐन नियममा उल्लेख भएका अतिरिक्त सदस्यहरूको हितलाई ध्यानमा राखी सञ्चालक समितिले देहायबमोजिमका कार्यहरू गर्नेछ :

(क) सहारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने ।

(ख) आर्थिक तथा प्रशासनिक कार्य गर्ने गराउने ।

(ग) संस्थाको वार्षिक साधारण सभा र विशेष साधारण सभा बोलाउने ।

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने गराउने ।

(ङ) संस्थाको नियम, नीतिं, निर्देशिका, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभामा पेस गर्ने ।

(च) संस्थाको सदस्यता प्रदान गर्ने, गराउने तथा सदस्यताबाट हटाउने ।

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने गराउने ।

(ज) सम्बन्धित संघको सदस्यता लिने ।

(झ) संस्थाको विनियम तथा आन्तरीक कार्यविधि तयार गरी साधारण सभामा पेस गर्ने ।

(ञ) संस्थाको कार्यक्षेत्र भित्र संस्थाको कारोबार र व्यवसाय हित प्रवर्धनको लागि आवश्यक कार्य गर्ने गराउने ।

(ट) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**३८. सञ्चालकलाई पदबाट हटाउन सक्ने अवस्था :**

(१) साधारण सभाको बहुमतको निर्णबाट देहाएको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछ :

(क) आर्थिक हिनामिना गरी सम्बन्धित सहकारी संस्थालाई हानि नोक्सानी पुऱ्याएमा,

(ख) अनधिकृत तबरले सम्बन्धित सहकारी संस्थाको कारोबार सम्बन्धित विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सहकारी संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको व्यवसाय वा कारोबार गरेमा,

(घ) संस्थाको अहित हुने तथा प्रतिष्ठामा आँच आउने कुनै कार्य गरेमा,

(ङ) शारीरिक वा मानसिक रूपमा काम गर्न नसक्ने भएमा,

(च) विनियम अनुसारको योग्यता नरहेमा,

(छ) बिना कुनै सूचना र वस्तुगत आधार बिना लगातार ३ पटक सम्म सञ्चालक समितिको बैठकमा अनुपस्थित भएमा ।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाइ पेस गर्ने मनासिब माफिकको मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिमको अवधि भित्र कुनै सञ्चालकले सफाइ पेस नगरेमा वा निजले पेस गरेको सफाइ सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उमेदवार बन्न पाउने छैन ।

(५) विनियमको दफा ४५ र दफा ३८ को उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधिको लागि सञ्चालकको निर्वाचन गर्नेछ ।

**३९. निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुन नहुने :**

(१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा समावेश हुनु हुदैन ।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी संस्थाको कुनै कार्य गर्न गराउन हुदैन ।

(३) कुनै सञ्चालकले उपदफा १ को विपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाहि गरे गराएमा त्यस्तो काम कारबाहीप्रति सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट संस्था, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानि नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानि नोक्सानी निजबाट असुल उपर गरिने छ ।

**४०. सञ्चालक समितिको विघटन :**

(१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछ :

(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकिएमा,

(ग) विनियममा उल्लेखित उद्देश्य र कार्य विपरीतको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

रजिष्ट्रार

(ङ) प्रचलित सहकारी ऐन र सोअर्न्तगत बनेका नियम, विनियममा उल्लेखित सर्त वा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

(३) विघटन सम्बन्धी अन्य व्यवस्था ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

**४१. समितिको बैठक :**

(१) संस्थाको कार्यसञ्चालनको लागि समितिको नियमित बैठक सामान्यतया महिनामा एकपटक बस्नेछ । आवश्यकता अनुसार अरू बैठक पनि बोलाउन सकिनेछ । समितिको दुई बैठक बिच ४५ दिनभन्दा बढीको अन्तरं हुने छैन ।

(२) समितिको बैठक अध्यक्ष स्वयम्ले वा अध्यक्षको निर्देशानुसार तोकिएको मिति, स्थान र समयमा सचिवले बोलाउनेछ ।

(३) अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले वा दुवैजनाको अनुपस्थितीमा उपस्थित जेष्ठ सञ्चालक सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिका एकाउन्न प्रतिशत सञ्चालकहरू बैठकमा उपस्थित भए बैठक सञ्चालनको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिका बहुमत सञ्चालकहरूले समितिको बैठक डाक्न अध्यक्षलाई लिखित सूचना गरेमा ७ दिनभित्र समितिको बैठक बस्ने व्यवस्था गरिनेछ ।

(६) बैठक सञ्चालन सम्बन्धी अन्य व्यवस्था संस्थाको बैठक सञ्चालन कार्यविधि अनुसार व्यवस्थित गर्न सक्नेछ ।

**४२. लेखा सुपरिवेक्षण समिति :**

(१) नियमित रूपमा संस्थाको आन्तरिक लेखापरीक्षणका साथै आर्थिक कार्यविधिहरूको पालनाबाट संस्थामा वित्तीय सुशासन कायम गराउन साधारण सभाले एक जना संयोजक र दुई जना सदस्यहरू रहेको लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्वाचन गर्दा कम्तीमा ३३ प्रतिशत (अर्थात् एक जना) महिला निर्वाचित गर्नुपर्ने छ ।

(३) लेखा सुपरिवेक्षण समितिको पदावधि चार वर्ष हुनेछ तथा उनीहरू पुनःनिर्वाचित हुन सक्नेछन् । तर, एकै व्यक्ति एउटै पदमा लगातार दुईपल्टभन्दा बढी निर्वाचित हुन सक्ने छैन ।

(४) लेखा सुपरिवेक्षण समितिको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिका लागि उपनिर्वाचनबाट पूर्ति गरिनेछ ।

(५) उपदफा (४) बमोजिम उपनिर्वाचन गर्दा उपदफा (२) बमोजिम महिला सदस्यहरू उम्मेदवार भई निर्वाचित भएको पद रिक्त भएको भए तदनुसार नै गरिनेछ ।

(६) नयाँ समितिको निर्वाचन नभएसम्म मौजुदा समितिले नै कार्य गर्नेछ ।

(७) उपदफा (१) बमोजिम लेखा सुपरिवेक्षण समितिको संयोजक तथा सदस्यका लागि योग्यता पुगेका सदस्यहरू उमेदवार बन्न सक्नेछन् ।

(८) उपदफा (७) बमोजिमका उमेदवारहरूको निर्वाचनका लागि इकाइ बैठकबाट प्रमाणीकरण सभाका लागि छनौट भई आएका इकाइ प्रतिनिधिहरू मतदाता रहने छन् ।

## ४३. लेखा सुपरिवेक्षण समिति सदस्यको योग्यता :

(१) लेखा सुपरिवेक्षण समितिका सदस्यहुन देहाय बमोजिमको योग्यताहुनुपर्नेछः

(क) संस्थाको सदस्यता लिएको कम्तिमा तीन वर्ष पूरा भएको हुनुपर्ने छ ।

(ख) स्वयम् तथा निजको परिवारको सदस्यले संस्थालाई तिर्न, बुझाउनुपर्ने बेरूजु, भाखा नाघेको कर्जा वा बक्यौता रकम नभएको हुनुपर्ने छ ।

(ग) संस्थामा नियमित सेवा उपयोग गरेको

(घ) संस्थाका गतिविधिहरूमा नियमित रूपमा सक्रिय भाग लिएको हुनुपर्नेछ,

(ङ) सहकारी सम्बन्धित ज्ञान भएको हुनपर्नेछ,

(च) सहकारी मूल्य, मान्यता र सिद्धान्तको पालना गर्न प्रतिवद्ध भएको,

(छ) लेखापालन वा लेखापरीक्षण सम्बन्धी तालिम लिएको हुनुपर्नेछ,

(ज) संयोजकको हकमा उपलब्ध भएसम्म व्यवस्थापन विषयमा र नभएको अवस्थामा अन्य विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ,

(झ) एकै परिवारबाट सञ्चालक/लेखा समिति निर्वाचनमा एक भन्दा बढी व्यक्तिले उम्मेदवारी दिन पाउने छैनन् । यदि दिएमा पछिल्लो उम्मेदवारी रद्द गरिने छ,

(ञ) लेखा सुपरिवेक्षण समितिको विघटन र निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुन नहुनेसम्बन्धी व्यवस्था दफा ३९ र दफा ४५ अनुसार सञ्चालक समितिको सरह हुनेछ ।

## ४४. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :

(१) प्रत्येक चौमासिक रूपमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गरी गराई समितिमा प्रतिवेदन पेस गर्ने ।

(२) आन्तरीक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने गराउने ।

(३) वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गरिने गराउने ।

(४) समितिको कामकारवाही नियमित सुपरभिजन गरी गर्ने र समितिलाई आवश्यक सुझाव दिने ।

(५) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णयहरू कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

(६) लेखासम्बन्धी प्रतिवेदन र समितिको काम कारवाहीको सुपरीवेक्षणसम्बन्धी वार्षिक प्रतिवेदन वार्षिक साधारण सभा समक्ष पेस गर्ने ।

(७) लेखा सुपरिवेक्षण समितिबाट दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट संस्थाको हितमा प्रतिकूल असर परेमा वा संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना र अनियमितता भएको वा संस्था गम्भीर आर्थिक सङ्कटमा पर्न लागेकोमा सो को विस्तृत कारण खुलाई विषेश साधारण सभा बोलाउन समितिसमक्ष सिफारिस गर्ने ।

(८) लेखा सुपरिवेक्षण समितिले साधारण सभामा पेस गर्ने प्रतिवेदनमा देहायका विवरण समेटिएको हुनेछ :

(क) समितिको बैठक बसेको सङ्ख्या,

(ख) गत विगतमा दिइएको सुझाव कार्यान्वयनको अवस्था,

(ग) अघिल्लो आर्थिक वर्ष र प्रतिवेदन पेस गरिने आर्थिक वर्षको तुलनात्मक आर्थिक विवरण,

(घ) प्रतिवेदन गरिने आर्थिक वर्षको मुख्य मुख्य आर्थिक उपलब्धि एवम् कारोबारका कमजोर पक्षहरू,

(ङ) सहकारी सिद्धान्तहरू, सहकारी ऐन नियमहरू एवम् संस्थाको विनियमका व्यवस्थाहरूको पालनाको अवस्था,

(च) संस्थाको स्वीकृत बचत तथा ऋणनीति एवम् अन्य नीतिहरूको पालनाको अवस्था,

(छ) कर्मचारी व्यवस्थापनका सवल पक्षहरू र दुर्वल पक्षहरू,

(ज) सञ्चालक समितिको कार्यप्रणाली र त्यसमा सुधार गर्नुपर्ने पक्षहरू,

(झ) गत वर्ष सम्पन्न लेखा परीक्षणको गुणस्तर र सुधारका सुझावहरू,

(ञ) सम्बन्धित नियमक निकाय वा आफ्नो संस्था आबद्ध रहेको संघले संस्थाको कारोबारको जाँच वा अनुगमन गर्दा देखिएका कैफियत, सञ्चालकहरूलाई दिइएको मुख्य मुख्य सुझावको विवरण तथा पालनाको अवस्था ।

(ट) संस्था सञ्चालनमा व्यवस्थापन पक्षको समग्र मूल्याङ्कनः प्रभावकारीता, दक्षता, क्रियाशीलता, कर्मचारीको मनोवलको अवस्था, व्यावसायिकता आदि पक्ष ।

(९) आन्तरिक लेखापरीक्षणसम्बन्धी अन्य व्यवस्थायस संस्थाको आन्तरिक लेखापरीक्षण कार्यविधि तथा आन्तरिक लेखापरीक्षण निर्देशिका अनुसार हुनेछ ।

(१०) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

**४५. समिति वा लेखा सुपरिवेक्षण समितिको सदस्यमा बहाल रहन नसक्ने अवस्था :**

(१) देहायका अवस्थामा समितिको सञ्चालक पदमा बहाल रहन सक्ने छैन ।

(क) लेखा सुपरिवेक्षण समिति संयोजक तथा अन्य पदाधिकारीले अध्यक्षसमक्ष दिएको राजिनामा सञ्चालक समितिवाट स्वीकृत भएमा,

तर, यसरी स्वीकृत भएको राजीनामा साधारण सभालाई जानकारी गराइने छ ।

(ख) निजको मृत्यु भएमा,

(ग) संस्थाको कार्य प्रकृतिसँग मेल खाने निजी व्यापार सञ्चालन गरेको प्रमाणित हुन आएमा,

(घ) विनियमको दफा १२, १३ र दफा १४ बमोजिम सदस्यता समाप्त भएमा,

(ङ) समितिको कुनै सदस्य सोही संस्थाको कर्मचारी भई काम गरेमा,

(च) बिना सूचना लगातार ३ पटकसम्म बैठकमा अनुपस्थित भएमा,

(छ) अर्को सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित भएमा,

(ज) अन्य कुनै सहकारी संस्थाको कर्मचारी भई कार्य गरेमा,

(झ) संस्थाको प्रतिनिधित्व गरी विषयगत संघ, सहकारी बैंकबाहेक अर्को संस्थाको लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा निर्वाचित भएमा,

(ञ) आर्थिक हिनामिना गरी सहकारी संस्थालाई हानी नोक्सानी पुर्‍याएमा,

(ट) अनधिकृत तबरले संस्थाको कारोबारसम्बन्धी गोपनियता भङ्ग गरेमा,

(ठ) शारीरिक वा मानसिक रूपमा काम गर्न नसक्ने भएमा ।

(२) उपदफा १ को खण्ड (ग), (ङ), (छ) बमोजिम सञ्चालकको बारेमा निर्णय लिनुअघि, निजले खण्ड (ग) बमोजिमको व्यापार व्यवसाय वा सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको जिम्मेवारीमध्ये कुनै एक छाड्न वा खण्ड (ङ) र (छ) बमोजिमको दोहोरो जिम्मेवारी रहेको भए दुईमध्ये कुनै एक छोड्न चाहेमा सोको लागि मनासिव माफिकको समय प्रदान गर्नुपर्नेछ । साथै खण्ड (च) बमोजिम अनुपस्थित भएकोमा सूचना दिन नसकेको मनासिवमाफिकको कारण भए सो पेस गर्ने मौका दिनु पर्नेछ ।

### ४६. उप-समितिहरूको गठन :

सञ्चालक समितिको जिम्मेवारीलाई प्रभावकारी बनाउनुका साथै स्थानीय स्तरमा नै सेवा प्रवाह सुनिश्चित गर्नका लागि सञ्चालक समितिले देहाएका उप- समितिहरू गठन गरी जिम्मेवारी तोक्नेछ ।

**(१) ऋण उप-समिति :**

(अ) सञ्चालक समितिलेपदाधिकारी वा समितिका कुनै सदस्यको संयोजकत्वमा तीन सदस्यीय ऋण उप-समिति गठन गर्नेछ । समितिले बाँकी दुई जना सदस्यहरू शेयर सदस्यहरू मध्येबाट छनौट गरी मनोनित गर्नेछ,

(आ) उपदफा (१) को (अ) अनुसारका सदस्य मनोनित गर्दा भाखा नघाएका ऋणी सदस्य, अनियमित बचतकर्ता/निष्क्रिय सदस्यहरूलाई ऋण उप-समितिमा मनोनयन गर्न सकिने छैन,

(इ) ऋण उप-समितिको पदावधी सञ्चालक समितिले तोकिदिएअनुसार हुनेछ । उप-समितिका संयोजक तथा सदस्यहरू पुनःमनोनित हुनसक्नेछन् । उप-समितिको क्रियाशीलता, क्षमता तथा जिम्मेवारी बहन गरेको अवस्थाका आधारमा सञ्चालक समितिले जुनसुकै बेलामा पनि ऋण उप-समितिको पुनः गठन गर्न सक्नेछ ।

**(क) ऋण उप-समितिको बैठक :**

(अ) ऋण उप-समितिको बैठक आवश्यक्तानुसार बस्न सक्नेछ,

(आ) ऋण उप-समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ ,

(इ) ऋण उप-समितिको बैठक संयोजकको निर्देशनमा सम्बन्धित विभागको प्रमुखले बोलाउनेछ ।

**(ख) ऋण उप-समितिको काम, कर्तव्य र अधिकार :**

(अ) साधारण सभाबाट स्वीकृत ऋण नीति र समितिले दिएको निर्देशनको अधीनमा रही सदस्यहरूबाट पेस हुन आएका ऋण निवेदन माथि अध्ययन गरी ऋण दिन मनासिव देखिएमा ऋण प्रदान गर्न स्विकृति प्रदान गर्ने तथा समितिलाई सिफारिस गर्ने,

(आ) सदस्यहरूबाट संस्थामा रहेको नगद मौज्दातभन्दा वढी ऋण माग भई निवेदन पेस हुन आएमा नगद मौज्दातको स्थिति, सदस्यको आवश्यकता, ऋणको प्रकृति, ऋणको रकम र निवेदन दिएको मिति आदि लाई ध्यानमा राखी ऋण निवेदन माथि प्राथमिकताको आधारमा शीघ्र कारवाही गर्ने,

(इ) सदस्यबाट तोकिएको समयमा नै ऋण चुक्ता भयो भएन सो सम्बन्धमा सूक्ष्म दृष्टि पुऱ्याउने, सदस्यद्वारा ऋणको सुरक्षण वापत राखिएका धितोपत्रहरूको निरीक्षण गर्ने,

(ई) सदस्यले आफूले लिएको ऋण चुक्ता गर्न ढिलो वा अटेर गरेमा ऋण असूली पक्रिया सुरू गर्ने र कानुनी कारवाहीको लागि समिति समक्ष पेस गर्ने,

(उ) ऋण उप-समितिको आफ्नो कामकारवाहीसम्बन्धी प्रतिवेदन मासिक रूपमा समिति समक्ष पेस गर्ने,

(ऊ) आफूले स्वीकृति दिएको ऋणको भाखा नाघेमा व्यवस्थापनलाई असुलीका लागि सहयोग गर्ने,

(ए) संस्थाको ऋणनीति र प्रचलित ऐनमा कुनै कुरा बाझिएमा ऐनअनुसार ऋण नीति संशोधनका लागि सञ्चालक समितिमा प्रस्ताव पेस गर्ने ।

**(२) शिक्षा उप-समिति :**

(अ) सञ्चालक समितिलेसञ्चालक समितिको पदाधिकारी वा सदस्यको संयोजकत्वमा तीन सदस्यीय शिक्षा उप-समिति गठन गर्नेछ । समितिले बाँकी दुईजना सदस्यहरू शेयर सदस्यहरू मध्येबाट मनोनित गर्नेछ,

(आ) उपदफा २ को (अ) अनुसारका सदस्य मनोनित गर्दा भाखा नघाएका ऋणी सदस्य, अनियमित वचतकर्ता / निष्क्रिय सदस्यहरूलाई ऋण उप-समितिमा मनोनयन गर्न सकिक्ने छैन,

(इ) शिक्षा उप-समितिको पदावधी सञ्चालक समितिले तोकिदिए अनुसार हुनेछ । उप-समितिका संयोजक तथा सदस्यहरू पुन मनोनित हुन सक्ने छन । उप-समितिको क्रियाशीलता, क्षमता तथा जिम्मेवारी बहन गरेको अवस्थाका आधारमा सञ्चालक समितिले जुनसुकै बेलामा पनि शिक्षा उप-समितिको पुर्नगठन गर्न सक्नेछ ।

**(क) शिक्षा उप-समितिको बैठक :**

(अ) शिक्षा उप-समितिको बैठक कम्तिमा ३ महिनाको एक पटक बस्नेछ,

(आ) शिक्षा उप- समितिको बैठकको अध्यक्षता उप-समितिको संयोजकले गर्नेछ,

(इ) शिक्षा उप-समितिको बैठक संयोजकको निर्देशनमा तोकिएको कर्मचारीले बोलाउनेछ ।

**(ख) शिक्षा उप-समितिको काम, कर्तव्य र अधिकार :**

(अ) सहकारीको अवधारणा, सहकारीका मूल्य मान्यता र सिद्धान्तका सम्बन्धमा सदस्यहरूलाई ज्ञान दिलाउनका लागि सहकारी सम्बन्धी तालिम सञ्चालन गर्ने, अन्तरक्रिया, गोष्ठी, सेमिनारको आयोजना गर्ने,

(आ) संस्थाको सदस्य र गैरसदस्यहरूका बिचको भेदको बारेमा सदस्यलाई जानकारी दिने,

(इ) संस्थामा सकेसम्म नयाँ सदस्यहरू सामेल गराउन प्रयत्नशील रहने,

(ई) सदस्यहरूलाई वित्तीय शिक्षा प्रदान गर्नका लागि संस्थाको आफ्नै विशिष्ट पाठ्यक्रमहरूको विकासगरी सदस्यहरूको आय क्षमतामा विकासमा सहयोग गर्ने,

(उ) उप-समितिको आफ्नो कामकारबाहीसम्बन्धी प्रतिवेदन समिति समक्ष पेस गर्ने ।

(३) **सल्लाहकारहरूको नियुक्ति :**

(क) संस्थाको सञ्चालक समितिले संस्थाको उद्देश्य र कार्यहरू सञ्चालन गर्नका लागि विशेष किसिमको राय सुझाव लिन प्रतिभावान, विषय विषेशज्ञ, अनुभव र ज्ञानसिप का साथै कानुनको ज्ञाता भएका सम्बन्धित क्षेत्रका संस्थालाई रचनात्मक तथा उल्लेख्य सहयोग पुऱ्याइरहेका व्यक्तिहरूलाई आवश्यकता अनुसार सल्लाहकार नियुक्ति गर्न सक्नेछ,

(ख) विशेष क्षेत्रको ,विषय विशेषज्ञको रूपमा सल्लाहकार नियुक्ति गर्दा सञ्चालक समितिले निजलाई कामको प्रकृति वा जिम्मेवारीका आधारमा सेवा सुविधा तोक्न सक्नेछ ।

(४) **अन्य उपसमितिहरूको गठन :**

(क) सञ्चालक समितिले संस्थाको उद्देश्य अनुसारका कार्यहरू सञ्चालन गर्न आवश्यकता अनुसार अन्य उपसमितिहरूको गठन गर्न सक्नेछ,

(ख) अन्य उपसमितिहरूको गठन गर्दा सञ्चालक समितिको पदाधिकारी वा सदस्यको संयोजकत्वमा तीन सदस्यीय उप-समिति गठन गर्नेछ । समितिले बाँकी दुईजना सदस्यहरू शेयर सदस्यहरू मध्येबाट मनोनित गर्नेछ,

(ग) उपदफा ४ को (ख) अनुसारका सदस्य मनोनित गर्दा भाखा नघाएका ऋणी सदस्य, अनियमित बचतकर्ता/ निष्क्रीय सदस्यहरूलाई ऋण उप-समितिमा मनोनयन गर्न सकिने छैन,

(घ) अन्य उप-समितिहरूको पदावधि सञ्चालक समितिले तोकिदिएअनुसार हुनेछ । उप-समितिका संयोजक तथा सदस्यहरू पुन मनोनित हुन सक्ने छन । उप-समितिको क्रियाशीलता, क्षमता तथा जिम्मेवारी बहन गरेको अवस्थाका आधारमा सञ्चालक समितिले जुनसुकै बेलामा पनि शिक्षा उप-समितिको पुनर्गठन गर्न सक्नेछ ।

अन्य उपसमितिहरूको नाम, काम, कर्तब्य र अधिकार सञ्चालक समितिले तोकिएअनुसार रहने छ ।

(५) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उप-समिति, शिक्षा उप- समिति एवम् अन्य उप-समितिका पदाधिकारी एवम् सदस्यहरू अवैतनिक हुनेछन् ।

तर, समिति तथा उप-समितिको बैठक बस्दाका बखत साधारण सभाबाट निर्धारण भएको बैठक भत्ता लिन बाधा पर्ने छैन ।

४७. **प्रतिनिधित्व :**

(१) संस्थाले एक तह माथिका छाता संघ, सहकारी बैंक वा अन्य निकायहरूमा प्रतिनिधित्व गर्नका लागि सञ्चालक समितिको बैठकले प्रतिनिधि तोकी प्रतिनिधित्व गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधि तोक्दा संस्थाको सञ्चालक वा सम्बन्धित विषयको ज्ञान, सीप भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

(३) प्रतिनिधि छनोटसम्बन्धी अन्य व्यवस्था सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

(४) उपदफा १, २ र ३ बमोजिम भएको निर्णय आगामी वार्षिक साधारण सभाबाट अनुमोदन गराउनुपर्नेछ ।

## परिच्छेद ७
## कार्य सञ्चालन

**४८. उत्तरदायित्व श्रृङ्खला :**

संस्थाको कार्य सञ्चालनमा नियुक्त कर्मचारीहरू र उपसमितिहरु निर्वाचित सञ्चालक समितितर्फ र निर्वाचित सञ्चालक समिति साधारण सभातर्फ उत्तरदायी रहने गरी उत्तरदायित्व शृङ्खला कायम गरिनेछ ।

**४९. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**

**(१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) समितिको बैठक तथा साधारण सभाको बैठकको अध्यक्षता गर्ने,

(ख) साधारण सभाद्वारा स्वीकृत वार्षिक कार्यक्रम, योजना तथा निर्णय र सञ्चालक समितिका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने,

(ग) संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण एवम् उचित प्रयोगको व्यवस्था मिलाउने,

(घ) सञ्चालककहरूलाई आ-आफ्नो जिम्मेवारी वहन गर्न गराउन सहयोग र समन्वय गर्ने साथै आवश्यक निर्देशन दिने,

(ङ) सञ्चालकका कुनै सदस्यले दिएको राजीनामा उचित आधारमा स्वीकृत गर्न वा नगर्न राय साथ समितिमा निर्णयका लागि पेस गर्ने,

(च) संस्थाको काम कारवाहीको सम्बन्धमा आवश्यकताअनुसार अन्य संघ, संस्था वा निकायमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने गराउने,

(छ) समितिको बैठक नबसेको अवस्थामा अपर्झट कुनै कार्य गर्न आवश्यक भएको र तत्कालमा उक्त कार्य नभए संस्थालाई हानि नोक्सानी हुने भएमा सो कार्य गरी वा गराई आगामी बैठकमा अनुमोदनको लागि पेस गर्ने,

(ज) साधारण सभा तथा समितिको बैठकमा कुनै विषयमा मतदान भईमत बराबर भएमा निर्णायक मत दिने,

(झ) संस्थाको कुनै काम कारवाहीको सम्वन्धमा आवश्यकतानुसार जाँचबुझ वा निरीक्षण गर्ने, गराउने,

(ञ) संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने,

(ट) संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक पहल गर्ने,

(ठ) विनियमका व्यवस्थाहरूको पूर्ण पालना गर्न गराउन तदारूकता देखाउने,

(ड) सहकारीका मूल्य, मान्यता र सिद्धान्त तथा सहकारी कानुनको पालना गर्ने गराउने,

(ढ) सम्बन्धित सहकारी कार्यालयको निर्देशन तथा सुझावहरूको पालना गर्ने गराउने साथै यस विनियमबमोजिम दिनुपर्ने सूचना वा प्रतिवेदनहरू समयमानै पेस गर्ने,

(ण) सहकारीसम्वन्धी सरकारी निकाय वा सहकारीका सम्बन्धित संघबाट गरिने अनुगमन निरीक्षण कार्यमा सहयोग गर्ने एवम् प्राप्त निर्देशन र सुझावहरूको पालना गर्ने गराउने ।

(२) उपाध्यक्षको काम कर्तव्य र अधिकार :

(क) अध्यक्षको काममा सहयोग पुऱ्याउने,

(ख) अध्यक्षले लिखित रूपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरू गर्ने,

(ग) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने,

(घ) अध्यक्षको राजिनामा पेश भएमा सञ्चालक समितिको निर्णयबाट स्वीकृत गरी सोको अनुमोदनका लागि साधारण सभा समक्ष पेश गर्ने,

(ङ) विनियम बमोजिम तोकिएको काम गर्ने गराउने ।

(३) सचिवको काम, कर्तब्य र अधिकार :

(क) अध्यक्षको निर्देशन अनुसार साधारण सभाको अधिवेशन तथा समितिको बैठक बोलाउने,

(ख) साधारणसभा तथा समिति द्वारा पारीत निर्णयहरू कार्यान्वयन गर्न सहयोग गर्ने,

(ग) साधारणसभाको अधिवेशन र समितिको वैठकको कार्य सूची तयार गर्ने, सूचना निकाल्ने,

(घ) साधारणसभाबाट निर्णय गर्नु पर्ने कुनै विवादास्पद निर्णयहरू भए पुनः छलफल एवं निर्णयार्थ पेश गर्ने,

(ङ) साधारण सभा र समितिबाट भएका निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

(च) अध्यक्षले तोकेका काम गर्ने गराउने,

(छ) साधारणसभा तथा समितिमा गत आ.व.को कार्यक्रमको लक्ष्य, प्रगती र आगामी आ.व.को लागी प्रस्तावित कार्यक्रमहरू पेश गर्ने, कार्यक्रम तथा वजेट तयार पार्ने,

(ज) उपसमितिहरूको काममा समन्वय गर्ने,

(झ) विनियम बमोजिम तोकिएको काम गर्ने गराउने ।

(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :

(क) संस्थाको आर्थिक कारोबार सम्बन्धी जिम्मेवारी बहन गर्ने, रेखदेख गर्ने, संस्थामा उठेका प्रत्येक आर्थिक कारोबार सम्बन्धी प्रश्नको जवाफ देहि हुने,

(ख) संस्थाको उपयुक्त उद्देश्य प्राप्तीका लागी आवश्यक लेखा पुस्तिका, खाता, वहिहरू दुरूस्त राख्ने, राख्न लगाउने,

(ग) साधारणसभा तथा समिति एवं सदस्यहरुले मागेका वखत संस्थाको दैनिक आर्थिक कारोबार आदिको विवरण उपलब्ध गर्ने, गराउने,

(घ) साधारणसभा तथा समिति समक्ष आर्थिक प्रतिवेदन एवं आगामी आर्थिक वर्षको अनुमानित आय व्यय वजेट पेश गर्ने,

(ङ) संस्थाको कोष वृद्धि गर्ने तर्फ प्रत्यनशिल हुने,

(च) आर्थिक कारोबारको सञ्चालन, रेखदेख, नियन्त्रण र निर्देशन दिने,

(छ) आन्तरीक एवं अन्तिम लेखापरिक्षण कार्यमा सहयोग गर्ने,

(ज) संस्थाको दैनिक, आर्थिक कारोबार सम्बन्धी सम्पूर्ण कार्य गर्ने,

(झ) संस्थाको चल अचल सम्पत्तिको रेखदेख, संरक्षण, सम्बर्द्धन र नियन्त्रण गर्ने,

(ञ) अध्यक्षले तोकेका काम गर्ने, गराउने,

(ट) विनियम बमोजिम तोकिएको काम गर्ने गराउने ।

रजिष्ट्रार

(५) सञ्चालक सदस्यहरूको काम, कर्तव्य र अधिकार :

(क) अध्यक्षको निर्देशन र समितिका निर्णय अनुसार तोकिएका कामहरू गर्ने,

(ख) अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षलाई आवश्यक सहयोग पुऱ्याउने,

(ग) संस्था विकासका लागी परि आएका सबै कार्यहरू गर्ने, गराउने,

(घ) विनियम बमोजिम तोकिएको काम गर्ने गराउने ।

## ५०. कार्यकारी प्रबन्धकको नियुक्ति :

(१) समितिले संस्थाको दैनिक क्रियाकलापको उचितव्यवस्थापन एवम् मौजुद व्यवस्थापन पक्षलाई स्वस्थ, प्रभावकारी, पारदर्शी एवम् सुशासन युक्तबनाउका लागि कार्यकारी प्रबन्धकको नेतृत्वमा व्यवस्थापकीय सङ्गठन बनाउने छ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापकीय सङ्गठन भित्रका कार्यकारी प्रबन्धकलगायत प्रशासकीय तथा प्राविधिक कर्मचारीहरूको पद, योग्यता, श्रेणी, स्तर, छनौट प्रक्रिया, नियुक्ति तलब निर्धारण तथा अन्य सुविधाहरू र बढुवा, सरुवा सम्बन्धी व्यवस्था संस्थाको **प्रशासनिक नियमावली/कार्यविधि** का साथै सञ्चालक समितिको सिफारिसमा साधारण सभाको निर्णय भए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम कार्यकारी प्रबन्धक नियुक्ति हुन नसकेमा नियुक्ति नहुन्जेलसम्मका लागि समितिले संस्थाको कुनै सञ्चालक/उपयुक्त कर्मचारीलाई कार्यकारी प्रबन्धकीय कर्मचारीको रूपमा कार्य गर्ने गरी तोक्न सक्नेछ ।

## ५१. कार्यकारी प्रबन्धकको काम, कर्तव्य र अधिकार :

(क) संस्थाको आर्थिक तथा प्रशासनिक कार्यको पूर्ण जिम्मेवारी बहन गरीकार्यकारी प्रबन्धकको नेतृत्व गर्ने,

(ख) संस्थाको सदस्यता आवेदन फारामहरू सङ्कलन एवम् छानबिन गरी समितिमा प्रस्तुत गर्ने र आवश्यक सूचनाहरू उपलब्ध गराउने,

(ग) साधारण सभा, समितिका सबै बैठकहरूमा भाग लिने र निर्णय लिने कामका लागि सदस्यहरूलाई आवश्यक सूचना उपलब्ध गराउने,

(घ) वार्षिक योजना तथा बजेट तयार गरी समिति समक्ष पेस गर्ने,

(ङ) समिति र साधारण सभाका बैठकहरूको विषय सूची तयार गर्ने,

(च) संस्थाका सदस्यहरूलाई शैक्षिक एवम् तालिम कार्यक्रमहरूको योजना बनाई शिक्षा उपसमितिमार्फत् सञ्चालन गर्न सहयोग पुऱ्याउने,

(छ) संस्थाका सबै कर्मचारीहरूको कार्यविवरण निर्धारण गर्ने, वार्षिक लक्ष्य निर्धारण गर्ने, मासिक वा वार्षिक प्रगति समीक्षा गर्ने, कार्यसम्पादन मूल्याङ्कन गर्ने, सम्मान तथा पुरस्कारको सिफारिस गर्ने, विभागीय कार्यबाही गर्ने, कर्मचारीलाई निलम्बन वा बर्खास्ती गर्नुपर्ने भएमा सञ्चालक समितिमा सिफारिस गर्ने,

(ज) दिर्घकालीन योजना (व्यवसायिक रणनीतिक योजना) निर्माण गरी सञ्चालक समितिमा आवश्यक छलफल तथा स्वीकृतिका लागि पेस गर्ने,

(झ) संस्थाको लागि आवश्यक नीति तथा कार्यविधिहरूको विकास गरी आवश्यक छलफल तथा पारितका लागि सञ्चालक समितिमा पेस गर्ने,

(ञ) कर्मचारीको नयाँ दरबन्दी सृजनाका लागि कर्मचारी योजना बनाई स्वीकृतीका लागि सञ्चालक समितिमा पेस गर्ने,

(ट) स्वीकृत बजेटको आधारमा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि अध्ययन भ्रमण वा तालिममा छनौट गरी पठाउने,

(ठ) समितिले तोकेका कामहरू गर्ने गराउने,

(ड) समितिप्रति उत्तरदायी हुने,

(ढ) जनसम्पर्कका अन्य कार्यहरू गर्ने गराउने,

(ण) संस्थाको व्यवस्थापन चुस्त राख्न वित्तीय विश्लेषण र अनुगमनको लागि पर्ल्स (PEARLS), सदस्य केन्द्रीयता सूचकाङ्क (MCI) लगायतका अनुगमन पद्धतिको अवलम्बन गर्ने । यसका लागि संस्थाका सञ्चालक, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी र कर्मचारीलाई आवश्यकताअनुसार तालिममा सहभागी गराउने व्यवस्थाका लागि पहल गर्ने,

(त) कार्य सम्पादन तथा उपलब्धिको आधारमा पदाधिकारी एवम् कर्मचारीहरूलाई पुरस्कृत गर्ने कार्यक्रम बनाई स्वीकृतिका लागि पेस गर्ने,

(थ) संस्थाका दैनिक प्रशासनिक तथा आर्थिक कारोबार राम्रोसँग जाँचेर प्रमाणित गर्ने वा प्रत्यायोजित अधिकारअनुसार स्वीकृत गर्ने,

(द) सहकारी सिद्धान्त र भावनाअनुरूप लैङ्गिक समानताको आधारमा सदस्य तथा गैर सदस्य, अतिथि, सुपरिवेक्षक आदि सबैसँग नम्र, शिष्ट तथा पारदर्शी व्यवहार गर्ने र मातहतका सबैलाई गर्न लगाउने,

(ध) रजिष्ट्रारको कार्यालय वा सरोकारवाला निकायमा आवश्यकतानुसार प्रतिबेदन पेस गर्ने,

(न) ऋण सदुपयोगिता निरीक्षण, ऋणीको परियोजना निरीक्षण र निक्षेप निरीक्षण निरन्तर रूपमा गर्ने, गराउने र प्रतिवेदन समिति समक्ष पेस गरी आवश्यक कारवाही गर्ने,

(प) संस्थाको विनियम तथा आर्थिक प्रशासनिक नियमावली एवम् नीति निर्देशिका अनुसारको उद्देश्य पूरा गर्न कर्मचारीहरूलाई उत्प्रेरणा जगाउने, सहजीकरण गर्ने र निर्देशन दिने,

(फ) कार्यकारी प्रबन्धकले गर्ने भनी तोकिएका सबै कार्यहरू गर्ने ।

## ५२. विशेष जिम्मेवारी :

समिति, अध्यक्ष र कार्यकारी प्रबन्धकले यस विनियममा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका साथै सम्पत्ति शुद्धीकरण निवारण कानुनअन्तर्गत संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरू सम्पादन गर्ने, गराउने विशेष जिम्मेवारीसमेत बहन गर्नुपर्नेछ ।

## ५३. कर्मचारीको नियुक्ति तथा सेवाका शर्त :

कर्मचारीको नियुक्ति, सेवा, सुविधा र शर्तहरूलाई व्यवस्थापन गर्नका लागि समितिले मानव संसाधन व्यवस्थापनसम्बन्धी आन्तरिक कार्यविधि बनाई साधारण सभाबाट स्वीकृत गरी लागु गराउनेछ ।

## परिच्छेद ८
## कोषको व्यवस्था

**५४. सहकारी संस्थाको कोष :**

सहकारी संस्थाको एउटा छुट्टै कोषको व्यवस्था गरिने छ । सो कोषमा देहाय बमोजिमका रकमहरू रहने छन् :

(क) शेयर विक्रीबाट प्राप्त रकम,
(ख) बचतको रूपमा प्राप्त रकम,
(ग) ऋणको रूपमा प्राप्त रकम,
(घ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदान रकम,
(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,
(च) व्यवसायिक कार्यबाट आर्जित रकम,
(छ) सदस्यता प्रवेश शुल्क,
(ज) सहकारी संस्था को नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

**५५. कोषको सुरक्षा :**

प्रबन्धक/सेवाकेन्द्र प्रमुखको जिम्मामा समितिले तोकेको रकमको सिमा सम्म कोष रहने छ । त्यसभन्दा बढी रकम जम्मा हुन आएमा दफा ५७ अनुसार बैंकमा खोलिएका बैंक खातामा जम्मा गर्नुपर्ने छ । कोषको सुरक्षार्थ बिमा कम्पनीबाट स्थलमार्ग तथा भल्टमा रहने नगद रकमको सुरक्षणका लागि विमाको व्यवस्था गर्न सक्नेछ ।

**५६. कोषको उपयोग :**

(१) संस्थाको कोषको उपयोग ऐन, नियमावली तथा यस विनियममाभएका व्यवस्थाहरूको अधीनमा रही संस्थाका उद्देश्यहरू हासिल गर्ने गरी कार्यहरूको सञ्चालनका लागि कोष उपयोग नीति तयार गरी लागु गरिनेछ ।

(२) संस्थाको कोषको रकम कुनै प्राइभेट कम्पनीको शेयर खरिद गर्न वा निजी फर्म, विद्यालय, कलेज, नर्सिङ होम वा नाफामा सहभागी हुने खालको उद्योग, व्यवसाय वा अन्य आयोजनामा लगाइने छैन ।

तर, संस्थाले एकल लगानीमा उल्लेखित कम्पनी तथा व्यवसायहरू खोली सञ्चालन गर्न बाधा पुऱ्याएको मानिने छैन ।

**५७. खाता सञ्चालन :**

(१) विनियमको दफा ५४ अनुसार प्राप्त हुने सबै रकमहरू समितिले निर्णय गरेका जुनसुकै बैंक तथा वित्तीय संस्थाहरूमा संस्थाको नाममा आवश्यक खाता (चल्ती, बचत, मुद्दती) खोली जम्मा गरिने छ ।

(२) उपदफा १ अनुसार जम्मा गर्न खोलिएका बैंक खाताको सञ्चालन सञ्चालक समितिले तोकेको अध्यक्ष, कोषाध्यक्ष र प्रबन्धकको सयुक्त दस्तखतबाट हुने छ ।

(३) प्रबन्धक र लेखा सम्बन्धी काम गर्ने कर्मचारी अलग अलग भएमा उनीहरूको संयुक्त दस्तखतबाट समेत बैंक खाताहरू सञ्चालन गराउन समितिले निर्णय गरी तोक्न सक्ने छ ।

## ५८. खुद बचतको वितरण :

(१) संस्थाको कुनै वर्षको मोटामोटी बचत रकमबाट प्रचलित ऐन नियम बमोजिम कर खर्च गरी बाँकी खुद बचतको रकमबाट कम्तीमा २५ प्रतिशत रकम ऐनको दफा ६६ बमोजिम जगेडा कोषमा जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जगेडा कोषमा सारेर बाँकी रहेको रकमलाई १०० प्रतिशत मानी सोबाट २५ प्रतिशत रकम ऐनको दफा ६७ बमोजिमको संरक्षित पूँजी फिर्ताकोष र शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम ऐनको दफा ६८ बमोजिम सहकारी प्रवर्धन कोषमा छुट्याएर बाँकी रहेको रकमलाई शतप्रतिशत मानी देहाय बमोजिमको प्रतिशत रकम विनियोजन गरिने छ ।

| | |
|---|---|
| (क) सहकारी शिक्षा कोष | ५ प्रतिशत |
| (ख) शेयर लाभांश कोष | ७० प्रतिशत |
| (ग) कर्मचारी बोनस कोष | ५ प्रतिशत |
| (घ) सहकारी विकास कोष | ५ प्रतिशत |
| (ङ) घाटापूर्ति कोष | ५ प्रतिशत |
| (च) सामुदायिक विकास कोष | ५ प्रतिशत |
| (छ) अन्य जोखिम व्यवस्थापन कोष | ५ प्रतिशत |

प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय सहकारी रजिष्ट्रारको कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

रजिष्ट्रार

## ५९. जगेडा कोष :

(१) संस्थामा एक जगेडा कोष रहने छ ।

(२) उपदफा १ बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :

(क) आर्थिक बर्षको खुद बचत रकमको कम्तीमा पच्चिस प्रतिशत रकम,

(ख) कुनै संघ, संस्था वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्तिबाट प्राप्त रकम,

(घ) अन्य कोष तथा स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ ।

## ६०. संरक्षित पुँजी फिर्ता कोष :

(१) संस्थामा एक संरक्षित पुँजी फिर्ता कोष रहने छ ।

(२) जगेडा कोषमा सारेर बाँकी रहेको रकमलाई सत प्रतिशत मानी सोबाट २५ प्रतिशत रकम ऐनको दफा ६७ बमोजिमको संरक्षित पूँजी फिर्ता कोषमा वार्षिक रूपमा जम्मा गरिने छ ।

(३) उपदफा (१) बमोजिमको रकम संस्थाको संरक्षित पूँजी फिर्ताकोष नीति/निर्णयअनुसार सदस्यलाई वार्षिक कारोबारको आधारमा उपलब्ध गराइने छ ।

(४) उपदफा (३) बमोजिम सदस्यहरूलाई वितरण पश्चात बाँकी रहेको रकम जगेडा कोषमा स्थानान्तरण गरिने छ ।

**६१. लाभांश वितरण नगरिने :**

कुनै वर्षको शेयर लाभांश दफा ५८ को उपदफा (२) को खण्ड (ख) मा उक्त वर्षको खुद बचतबाट सारिएको रकमभन्दा बढी हुने गरी वा सदस्यले खरिद गरेको शेयरको रकमको १८ प्रतिशत भन्दा बढी हुने गरी वितरण गरिने छैन ।

**६२. जगेडा कोषमा रकम सार्नुपर्ने :**

संस्थाको विनियमअनुसार दफा ५८ को उपदफा २ को खण्ड (ख) मा व्यवस्था गरिएको शेयर लाभांश कोष, दफा ५८ को उपदफा २ को खण्ड (ग) मा व्यवस्था गरिएको कर्मचारी बोनस कोष वितरण पश्चात बाँकी रहेको रकमलाई जगेडा कोषमा सार्नुपर्ने छ ।

**६३. सहकारी प्रवर्द्धन कोषको व्यवस्थापन :**

दफा ५८ को उपदफा २ अनुसार छुट्ट्याइएको सहकारी प्रवर्द्धन कोषको रकम तोकिएको खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

## परिच्छेद ९
## बचत परिचालन

**६४. बचत सङ्कलन गर्न सक्ने :**

(१) संस्थाले ऐन, नियमावली, यस विनियमका व्यवस्था र साधारण सभाबाट स्वीकृत बचत नीति अनुसार सदस्यहरूबाट बचत सङ्कलन गरिने छ ।

(२) उपदफा (१) बमोजिमको बचत परिचालन नीतिका अतिरिक्त दफा ६५, ६६, ६७, ६८ र ६९ व्यवस्थाका साथै देहायका सर्त-बन्देजहरू समावेश गरिनेछन :

(क) सदस्यहरूबाट मात्र बचत सङ्कलन गर्नुपर्ने ।

(ख) सदस्यहरूको बचत खातामात्र खोल्न सकिने ।

(ग) सदस्यले जम्मा गर्नुपर्ने मासिक, दैनिक, स्वैच्छिक जस्ता बचतको रकमहरूको सिमा संस्थाको बचत नीतिमा उल्लेख भएबमोजिम हुनेछ ।

(घ) सदस्यहरूका लागि मासिक बचत खाता अनिवार्य हुने छ । आबश्यकताअनुसार अन्य खाताहरूपनि खोल्न सक्ने छन् ।

(ङ) बचत सङ्कलन गर्नका लागि वा शेयर बिक्रीका लागि कुनै प्रकारको विज्ञापन गरिने छैन ।

(च) ऐनमा तोकेअनुसार सन्दर्भ ब्याजदरअनुसार बचत तथा ऋणको ब्याजदर हुने छ ।

(छ) ऋणमा ब्याज पूँजीकरण नगरिने तथा ब्याज गणना गर्दा तिर्न बाँकी सावा रकमको आधार लिइने । तर भाखा नाघेको सन्र्दभमा वार्षिक ३ प्रतिशतसम्म बचत नीति अनुसार हर्जना लिनसकिने छ ॥

## ६५. बचत सङ्कलनमा सीमा :

(१) संस्थाको जम्मा बचत दायित्व जुनसुकै बखत प्राथमिक पुँजी कोषको १५ गुनाभन्दा बढी हुने छैन ।

**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनका लागि प्राथमिक पुँजी कोषको गणना गर्दा शेयर पुँजीको रकममा जगेडा कोषको रकम जोडी हुन आउने रकमको ३० प्रतिशत लिइनेछ ।

(२) संस्थाको जम्मा बचत दायित्वको रकम कुनै पनि वर्ष जम्मा बचत दायित्वको रकममा ऐन तथा नियमावलीमा तोकिएबमोजिम वार्षिक सदस्यतर्फी खरिद वा विक्री कारोबारको रकम जोडी हुन आउने जम्मा कारोबारको ३० प्रतिशतभन्दा बढी हुने छैन ।

(३) बचत सङ्कलनको सीमा सम्बन्धी अन्य व्यवस्था संस्थाको **बचत तथा ऋण नीति** अनरूप हुनेछ ।

## ६६. ऋण दिन सक्ने :

(१) संस्थाले तरलताका लागि १५ प्रतिशत वा नियामक निकायले तोकिएको अन्य कुनै सीमासम्मको रकम छुट्ट्याएर सदस्यहरूलाई देहाय बमोजिम ऋणको रूपमा दिन सक्नेछ :

(क) सदस्यको व्यक्तिगत बचतको ९० प्रतिशत सम्म आफ्नै बचतको सुरक्षणमा र संस्थाको ऋण नीतिअनुसार जेथा जमानत ऋण प्रवाह गर्न सकिने छ ।

(ख) सदस्यको व्यक्तिगत बचतको पन्ध्र गुनासम्म सदस्यका साथै सामुहिक जमानी बस्ने सदस्यहरूको बचतको सुरक्षणमा ।

**तर,** यस उपदफा बमोजिम एक जना सदस्यलाई प्रदान गरिने ऋणको रकम रू. ५ लाख भन्दा बढी हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले समूहको जमानीबिना वा रू.५ लाख भन्दा बढी रकम ऋण लिन चाहेमा चल-अचल सम्पत्ति धितो राखेर दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने ऋण शैक्षिक, आवास, स्वास्थ्योपचार, रोजगारीमूलक वा उत्पादनमूलक प्रयोजनका लागि मात्र हुनेछ ।

तर, यस उपदफामा लेखिएको कुनै कुराले अभाव, घटना, कानुनले बन्देज नगरेका ब्यापार व्यावसाय वा अन्य अड्कोपड्को पर्दा उपदफा (१) बमोजिम उपभोग, सामाजिक कार्य वा अन्य औचित्यपूर्ण प्रयोजनमा ऋण दिन बाधा पर्ने छैन ।

(४) उदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यता लिएर नियमित रूपमा बचत जम्मा गर्न थालेको तीन महिना व्यतीत नहुँदै संस्थाबाट कसैलाई पनि ऋण प्रदान गरिने छैन ।

(५) ऋण प्रवाहमा प्राथमिकता लगायतका अन्य व्यवस्था ऋण नीतिमा उल्लेख भएबमोजिम हुनेछ ।

## ६७. ऋण प्रवाहमा सीमा :

(१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाबाट कुनै एक सदस्यलाई दफा ६५ को उपदफा (१) बमोजिम तरलता व्यवस्था पछिको लगानीयोग्य रकमको आधा प्रतिशत भन्दा बढी ऋण दिन सकिने छैन ।

तर, तर लगानीयोग्य रकम रू ६० लाख नपुग्दा सम्म यो बन्देज लागु हुने छैन ।

(२) सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका ४९ प्रतिशत भन्दा बढी समिति सदस्यहरूलाई एकै पटक ऋण लगानी गरिने छैन । तर, ऋण लगानीको सीमा साधारण सभाबाट पारित नीति अनुसार हुने छ ।

## ६८. ऋणबाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने :

संस्थाले सङ्कलन गरेको बचतको रकम दफा ६४ बमोजिम स्वीकृत बचत परिचालन निर्देशिकाका सर्त-बन्देज अन्तर्गत सदस्यहरूलाई ऋण दिने बाहेकको कुनै प्रयोजनमा लगाइने छैन ।

तर यसमा लेखिएको कुनै कुराले बचतको रकम तरलताबापत नगदै राख्न वा नेपाल राष्ट्र बैंकले जारी गरेको ट्रेजरी बिल वा विकास ऋणपत्र खरिदमा उपयोग गर्न बाधा पर्ने छैन ।

## ६९. साधारण सभाको स्वीकृति लिनुपर्ने :

समितिले देहायका विषयमा नियामक निकायले तोकिदिएको मापदण्डको प्रतिकूल नहुने गरी साधारण सभाको स्वीकृति लिनुपर्नेछ :

(क) लगानीमा रहेको ऋण मिनाहा दिनुपर्दा, अपलेखन गर्नुपर्दा वा ऋणका सर्त-बन्देजहरू फेर्नु पर्दा,

(ख) संस्थाको स्व-प्रयोजनका लागि जग्गा, घरलगायतका अचल सम्पत्ति खरिद गर्नु पर्दा,

(ग) कार्यकारी प्रबन्धक वा कर्मचारीहरूको तलब वा सुविधा बढाउनु पर्दा ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# परिच्छेद १०

# कारोबारमा सीमाङ्कन

रजिष्ट्रार

## ७०. सदस्य केन्द्रीयता :

(१) संस्थाले देहाय बमोजिम गरी व्यावसायिक सेवामा सदस्य केन्द्रीयता कायम गर्ने छ :

(क) सदस्यहरूको उत्पादनको सञ्चय, प्रशोधन एवं बजारीकरण व्यवसायमा विक्री बजारमा जहाँसुकै गरेतापनि खरिद सदस्यहरूसँगबाट मात्र गरेर,

(ख) सदस्यहरूलाई आवश्यकताका चीजबीज वा सेवा सुलभ गराउने व्यवसायमा खरिद बजार जहाँसुकैबाट गरे तापनि विक्री सदस्यहरूलाई नै गरेर,

(ग) स्व-रोजगारी योजनाअन्तर्गत कच्चापदार्थ वा उत्पादित वस्तु बजार जहाँसुकै खरिद-विक्री गरे तापनि स्व-रोजगारीको अवसर सदस्यहरूलाई मात्र दिलाएर,

(घ) बचत परिचालन सेवामा बचत सङ्कलन र ऋण लगानी दुवै पूर्णतया सदस्यहरूमै सीमित गरेर ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गैरव्यावसायिक सेवाहरूमा सदस्य र गैरसदस्यबिच पहुँचमा कुनै किसिमले विभेद गरिने छैन ।

(३) सहकारी परम्पराअनुरूप विशेष अवस्थाका गैरसदस्यहरूलाई व्यावसायिक सेवाहरू प्रदान गर्नु पर्दा सदस्य र गैरसदस्यबिच प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमले बस्तु वा सेवाको मूल्यमा फरक गरिने छैन ।

**७१. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध :**

(१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन ।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले यस दफा विपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट संस्था, संस्थाको सदस्य वा अन्य कुनै व्यक्तिलाई हानि नोक्सानी हुन 'गएको रहेछ भने त्यस्तो हानि नोक्सानी निजको जायजेथाबाट असुलउपर गरिनेछ ।

**७२. कर्मचारीसँगको कारोबारमा निर्बन्धन :**

संस्थाका कर्मचारी र संस्थाबीचको कारोबार रजिष्ट्रारबाट जारी भएको निर्देशन बमोजिम निर्बन्धित हुनेछ ।

**७३. जोखिम मूल्याङ्कन :**

(१) संस्थाले सदस्यता प्रदान गर्दा वा कारोबार गर्दा नियामक निकायबाट जारी भएको सम्पत्ति शुद्धीकरण निवारण निर्देशनबमोजिम जोखिम मूल्याङ्कन गरिनेछ ।

(२) संस्थाले ऋण लगानी गर्दा सदस्यहरूबाट हुनसक्ने जोखिम व्यवस्थापन गर्ने ऐन, नियम तथा नीतिको अधीनमा रही ऋण जोखिमकोष व्यवस्था गर्ने छ ।

**७४. कारोबार नगरिने :**

सम्पत्ति शुद्धीकरण निवारण कानुनअन्तर्गत नियामक निकायबाट जारी भएको निर्देशनका व्यवस्था विपरीत संस्थाबाट कसैसँग कुनै कारोबार गरिने छैन ।

## परिच्छेद ११
## अभिलेख

**७५. कारोबारको लेखा :**

संस्थाको आर्थिक कारोबारको लेखा रजिष्ट्रारले तोकेको लेखामान एवं खाता संरचना बमोजिम दोहोरो लेखा प्रणाली बमोजिम राखिनेछ ।

**७६. खाताबही :**

संस्थाले आर्थिक एवं प्रशासनिक कार्य स्पष्ट र पारदर्शी तवरले राख्न देहाय बमोजिमका बही खाता एवं दर्ता किताबको व्यवस्था गर्ने छ :

(क) दफा १८ बमोजिमको सदस्य दर्ता किताब,

(ख) प्रारम्भिक साधारण सभा, विशेष साधारण सभा, वार्षिक साधारण सभा र समिति र उपसमितिका छुट्टा-छुट्टै निर्णय पुस्तिकाहरू,

(ग) आम्दानी, खर्च, सम्पत्ति, दायित्व देखिने मूल तथा सहायक खाताहरू,

(घ) नगदबही खाताहरू,

(ङ) संस्थाले अरू कुनै व्यक्ति वा संघ संस्था सँग भए गरेको कारोबार देखाउने किताब,

(च) सदस्य दर्ता किताब,

(छ) बेरूजु एवं सम्परीक्षण किताब,

(ज) व्यक्तिगत शेयरखाता,

(झ) सदस्यहरूको व्यक्तिगत बचत तथा ऋण खाता,

(ञ) जिन्सी दर्ता किताब,

(ट) अन्य आवश्यक अभिलेख एवं खाताहरू ।

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कृषि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

रजिष्ट्रार

**७७. आन्तरिक हिसाब जाँच :**

(१) संस्थाको आर्थिक कारोबार तथाहिसाब किताब चुस्त दुरूस्त राख्न नियमति रूपमा आन्तरिक हिसाब देहाय अनुसार चेक जाँच गर्ने व्यवस्था मिलाईने छ :

(क) आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित चुस्त दुरूस्त राखिने छ,

(ख) सदस्य सेवाकेन्द्र प्रमुख तथा कार्यक्रम प्रबन्धकले दैनिक रूपमा हिसाब चेकजाँच गरी प्रमाणित गर्ने,

(ग) त्रैमासिक रूपमा लेखा सुपरिवेक्षण समिति स्वयम् वा आन्तरिक लेखापरिक्षकले हिसाब किताब चेकजाँच तथा परीक्षण गर्ने,

(घ) त्रैमासिक रूपमा परीक्षण गरिएको हिसाब किताब सञ्चालक समितिमा प्रतिवेदन पेस गर्ने ।

(२) संस्थाले आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित चुस्त दुरूस्त राख्न आन्तरिक हिसाब जाँच सम्बन्धी अन्य व्यवस्था संस्थाको आन्तरिक लेखापरीक्षण कार्यविधि तथा आन्तरिक लेखापरीक्षण निर्देशिका अनुसार हुनेछ ।

## ७८. वार्षिक हिसाब जाँच :

(१) संस्थाले प्रत्येक वर्षको हिसाब किताबको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र सम्पन्न गर्न देहाय बमोजिमको प्रक्रियाअनुसार वार्षिक लेखापरीक्षण सम्पन्न गरिने छ :

(क) सञ्चालक समितिले समयसीमा तोकी कुनै आर्थिक वर्षको वार्षिक लेखापरीक्षण गर्न अनुमति प्राप्त प्रचलित कानुन अनुसार योग्यता पुगेका चाटर्ड एकाउन्टेन्टहरूबाट पारिश्रमिक सहितको प्रस्ताव माग गर्ने छ ।

(ख) दफा १ को (क) बमोजिम प्राप्त प्रस्तावहरूको मूल्याङ्कन गरी उत्कृष्ट तिन जना चाटर्ड एकाउन्टेन्टहरूलाई लेखापरिक्षक नियुक्तिका लागि सिफारिस साथ साधारण सभामा पेस गरिने छ ।

(ग) दफा १ को (ख) बमोजिम सिफारिस भएका चाटर्ड एकाउन्टेन्ट मध्येबाट साधारण सभाको निर्णयअनुसार पहिलो प्राथमिकतामा परेको चार्टड एकाउन्टेन्टलाई पाउने पारिश्रमिक तथा अन्य सेवासुविधा तोकी उल्लेख गरी नियुक्ति गर्ने छ र अन्य दुईलाई पाउने पारिश्रमिक तथा अन्य सेवा सुविधा तोकी उल्लेख गरी क्रमश बैकल्पिक १ र २ मा राखिने छ ।

(घ) दफा १ को (ग) बमोजिम नियुक्ति हुन पहिलो प्राथमिकतामा परेका चार्टड एकाउन्टेन्टले लेखापरीक्षण गर्न विविध कारणले असमर्थता देखाएमा क्रमश: बैकल्पिक १ र २ लाई नियुक्त गरी लेखापरीक्षण गराइने छ ।

(ङ) लेखा परिक्षणको प्रतिवेदन वार्षिक साधारण सभामा प्रस्तुत गर्नुपर्ने छ ।

(च) एउटै लेखा परिक्षकलाई लगातार ३ पटकभन्दा बढी लेखापरीक्षण गराईने छैन ।

## ७९. विद्युतीय लेखा प्रणालीको प्रयोग :

संस्थामा विद्युतीय लेखा प्रणालीको प्रयोग गरिने छ । यस्तो प्रणालीको प्रयोग गर्दा सम्पत्ति शुद्धीकरण जोखिम मूल्याङ्कन गरी दर्ता गर्ने अधिकारीको पूर्व-स्वीकृति लिइनेछ । रजिष्ट्रार

## ८०. अन्य आधारभूत कागजात :

संस्थाले कारोबारहरू गर्दा पर्याप्त कागजात तथा प्रमाणहरूको आधारमा मात्र गरिने छ । ती आधारभूत कागजातहरू जस्तैः संस्था दर्ता प्रमाणपत्रहरू, स्थायी लेखा नम्बर, नीति नियमहरू, कार्यविधिहरू, सदस्यता प्रमाणपत्र, सदस्य पहिचान फारम (KYM), सम्झौतापत्रहरू, बिलभरपाई ऋण तमसुक, रकम बुझेको भरपाईजस्ता अन्य सबै अभिलेखहरूको प्रयोग गरिने छ र त्यस्ता अभिलेखहरू सुरक्षित राखिने छ ।

## परिच्छेद १२
## प्रतिवेदन

**८१. एकीकृत सूचना प्रणालीमा आबद्धता :**

समितिले संस्थाका सम्पूर्ण वित्तीय तथा व्यवस्थापकीय सूचना नियामक निकायबाट स्थापित सहकारी सूचना प्रणालीमा एकीकृत गरी निरन्तर तत्क्षण (रियल टाइम) अद्यावधीकरण गर्ने व्यवस्था गर्ने छ ।

तर, यसमा लेखिएको कुनै कुराले संस्थाले प्रचलित कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

**८२. रजिष्ट्रार वा नियामक निकाय समक्ष प्रतिवेदन :**

संस्थाले रजिष्ट्रार वा नियामक निकायसमक्ष नियमित, आवधिक तथा आवश्यकता अनुसार माग भएका बखत जुनसुकै समयमा पनि जुनसुकै प्रतिवेदन पेस गर्ने व्यवस्था गर्नेछ ।

**८३. वित्तीय जानकारी एकाइमा प्रतिवेदन :**

सम्पत्ति शुद्धीकरण निवारण कानुन बमोजिम वित्तीय जानकारी एकाइमा प्रतिवेदन गर्नुपर्ने कारोबारको प्रतिवेदन नियमित रूपमा, निर्धारित समयभित्रै पठाउनु पर्नेछ ।

**८४. साधारण सभामा जानकारी गराउनुपर्ने :**

अध्यक्ष वा प्रतिनिधिले देहायका विषयको सङ्क्षिप्त बेहोरासहितको जानकारी लगत्तै बस्ने साधारण सभामा गराउनु पर्नेछ :

क) संस्थाले सदस्यता लिएको सहकारी सङ्घहरू वा बैंकहरूबाट भएका निर्णयहरू,

ख) कुनै निकायबाट संस्थालाई प्राप्त वित्तीय वा गैरवित्तीय सहयोगको रकम वा प्रतिवद्धता,

ग) रजिष्ट्रार वा प्रचलित कानुनबमोजिम नियामक निकायका तर्फबाट प्राप्त सुझाव, टिप्पणी, निर्देशन, जारी मापदण्ड, निर्देशिका वा नीतिहरू ।

**८५. सूचनाको हक तथा अग्रतापूर्ण खुलासा :**

(१) संस्थाले सदस्यहरूको कुनै पनि खाता बही वा कागजातहरू सदस्यले हेर्न चाहेको समयमा पहिलो आउनेलाई पहिलो प्राथमिकता तोकीजुनसुकै बखत पनि उपलब्ध गराउन सक्ने छ । तर व्यक्तिगत खाताहरू सम्बधित व्यक्तिले मात्र हेर्न सक्ने छ । संस्थाका गतिविधि तथा क्रियाकलापहरूको जानकारी पाउने हक सदस्यहरूमा सुरक्षित हुनेछ ।

(२) नियामक निकाय, रजिष्ट्रार तथा निजको प्रतिनिधिले जुनसुकै समयमा पनि हरेक क्रियाकलापका खाताबही एवम् हर हिसाब हेर्न सक्ने छ ।

**८६. सूचनाको संरक्षण :**

संस्थाले सदस्यहरूको बही खाताहरूको सूचना गोप्य राख्ने छ । नियामक निकायबाहेक अन्य कसैलाई पनि सदस्यको कारोबारहरूको सूचना सदस्यको लिखित अनुमतिबिना कसैलाई पनि उपलब्ध गराइने छैन ।

## परिच्छेद १३
## विविध

**८७. हकवालाको मनोनयन :**

सदस्यले आफ्नो शेष पछिका लागि सदस्यता लिने समयमा नै एकजना हकवाला मनोनयन गर्नुपर्नेछ । मनोनित हकवाला पछिपनि मनोनयन वा हेरफेर गर्न सक्ने छ ।

**८८. हक दाबी वा नामसारी :**

(१) कुनै सदस्यको मृत्यु भएमा वा १० वर्षदेखि बेपत्ता भएको प्रमाण पेस गरेमा निजको नाममा रहेको शेयर, बचत र संस्थाबाट निजलाई प्राप्त हुने कुनै प्रकारको वचत रकम, वचतको व्याज,शेयर लाभांश, संरक्षित पुँजी फिर्ता जस्ता रकमसमेत निजले विनियमको दफा ८८ वमोजिम मनोनित गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानुनबमोजिमको हकवालाको नाममा सदस्यताको लागि यस विनियम वमोजिम योग्य भई ईच्छा गरेमा नामसारी गर्न सकिने छ । तर त्यस्तो हकवाला सदस्यता प्राप्त गर्नका लागि यस विनियममा व्यवस्था भएको योग्यता नभएका सन्दर्भमा सदस्यको मृत्यू भएको मितिले ६ महिनाभित्र सदस्यताको लागि योग्य अरू कुनै हकवालाको नाममा नाम सारी गरी पाउँ भनी दरखास्त दिन सक्ने,छ । समितिले त्यस्तो हकवालाको नाममा नामसारी गरी दिन सकिने छ ।

(२) उपदफा. (१) बमोजिम मृत सदस्यको हकवालाले नामसारी गराई लिन नचाहेमा निजले पाउने शेयर, बचत, आदिको रकम हकवालालाई फिर्ता गरिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि मृत सदस्यको हकबाला नावालक रहेमा वा निजको मानसिक सन्तुलन ठिक नरहेमा मृत सदस्यले पाउने सम्पूर्ण रकम कम्तीमा २ जना साक्षीको रोहबरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता गरिने छ ।

**८९. निर्वाचन :**

समितिले आफ्नो कार्यावधि समाप्त हुनुअघि अर्को समितिको निर्वाचन गराउन पर्ने छ ।

(१) संस्थाको विनियमको अधीनमा रही समिति, लेखा सुपरिवेक्षण समिति तथा अन्य समितिहरूको निर्वाचन गर्न तपसिलअनुसारको निर्वाचन समिति गठन गर्ने छ ।

(क) सञ्चालक समितिले तोकेको कानुन व्यवसायी वा संस्थाका उच्च व्यवस्थापन तहका कर्मचारी - संयोजक १जना ।

(ख) सदस्यहरूमध्येबाट सञ्चालक समितिले मनोनयन गरेको -सदस्य १जना ।

(ग) सञ्चालक समितिले मनोनित गरेको संस्थाका अधिकृत तहका कर्मचारी - सदस्य सचिव १ जना ।

(२) निर्वाचनसम्बन्धी अन्य व्यवस्था संस्थाको निर्वाचन निर्देशिका अनुसार हुनेछ । प्रजातान्त्रिक निर्वाचनको पद्धतिअनुसारको रीत पुऱ्याई निर्वाचन सम्पन्न गर्नु निर्वाचन समितिको जिम्मेवारी हुनेछ ।

(३) निर्वाचन समितिले निर्वाचित पदाधिकारी सदस्यहरूलाई अनुसूची-५ बमोजिम निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्ने छ ।

**९०. शपथ ग्रहण :**

समिति, लेखा सुपरिवेक्षण समितिका निर्वाचित सदस्यहरूले अनुसूची-६ मा उल्लेख भए बमोजिमको सपथ ग्रहण निर्वाचन अधिकृत र मनोनित सदस्यले सञ्चालक समिति अध्यक्ष समक्ष गर्नुपर्नेछ ।

**९१. एकीकरण वा विभाजन :**

कुल शेयर सदस्यहरू मध्ये दुई तिहाईले प्रस्ताव पारित गरी संस्था एकीकरण, विभाजन वा विघठन गर्ने निर्णय गरेमा संस्था एकीकरण, विभाजन वा विघठन गर्न सकिनेछ । यसरी संस्था एकीकरण, विभाजन र विघठन गर्दा सहकारी ऐन २०७५ को दफा ८५ बमोजिमको पक्रिया पालना गरिनेछ ।

**९२. कार्यान्वयन अधिकारी :**

(१) समितिले सम्पत्ति शुद्धीकरण निवारण कानुनबमोजिम अधिकृत स्तरको कर्मचारीलाई कार्यान्वयन अधिकारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन अधिकारी नतोकिएसम्म कार्यकारी अधिकृतले नै कार्यान्वयन अधिकारीको रूपमा कार्य गर्नेछ ।

**९३. मध्यस्थता :**

संस्था विकासको उद्देश्य प्राप्ति एवं कुनै प्रकारको विवाद समाधान गर्ने कार्यमा संस्था रजिष्ट्रार, नियामक निकाय वा संस्था आवद्ध महासंघलाई आवश्यकता अनुसार मध्यस्थता सम्बन्धी संयुक्त सहयोगको व्यवस्थाका लागि अनुरोध गर्न सक्ने छन् ।

**९४. समानता र समता :**

(१) संस्थाको कार्य सञ्चालनका समस्त प्रक्रियाहरूमा सदस्यहरू माफ आर्थिक योगदान वा अन्य कुनै आधारमा भेदभाव नगरी समान हैसियतमा सहभागी हुने अवसर प्रदान गरिनेछ ।

(२) लैङ्गिक विभेदका कारण आम रूपमा न्यून भइरहेको नेतृत्व पङ्क्तिमा महिला उपस्थिति बढाउनका साथै सञ्चालकीय भूमिकामा अपाङ्गता भएका वा लक्षित समुदायका सदस्यहरूलाई प्रोत्साहन दिन चाहिने समतामूलक व्यवस्थाहरू गरिनेछन् ।

## ९५. विनियम संशोधन :

कुल शेयर सदस्य सङ्ख्याको कम्तीमा ५१ प्रतिशत उपस्थित भएको साधारण सभामा दुई तिहाई शेयर सदस्यहरूबाट प्रस्तावित विनियमका दफा उपदफाहरू संशोधन थपघट गर्ने निर्णय पारित भएमा संस्थाले आफ्नो विनियमका दफा उपदफाहरूमा संशोधन वा थपघट गर्न सक्ने छ । यसरी संशोधन भएको विनियम सहकारी ऐन वमोजिम रजिष्ट्रारले स्वीकृत दिएपछि लागु हुने छ र अनुसूचीहरूमा समेत उल्लेखित व्यवस्था अनुसार आवश्यकताअनुसार थपघट र हेरफेर गर्न सकिने छ ।

## ९६. साधारण सभाले कार्यविधि बनाउन सक्ने :

संस्थाको उद्देश्य पूरा गर्नका लागि विनियममा व्यवस्था भएअनुसारका सेवा र कार्यहरूलाई व्यवस्थित गर्न ऐनको दफा २६ को व्यवस्था अनुसार संस्थामा आवश्यक हुने नियमावली, कार्यविधि, नीति नियम र निर्देशिकाहरू बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गरिने छ । तर संस्थाले काम गर्दै जादा तत्काल नीति नियमहरू बनाई लागु गर्नुपर्ने अवस्था आइपरेमा सञ्चालक समितिले नीति नियमहरू बनाई लागु गर्न सक्ने छ र यस्ता नियमहरू बनेको पहिलो बस्ने साधारण सभाबाट अनुमोदन गराउनु पर्ने छ ।

## ९७. व्याख्या गर्ने अधिकार :

यस विनियमको व्याख्या गर्ने अधिकार साधारण सभालाई हुनेछ । साधारण सभाबाट पनि समाधान हुन नसकेमा सहकारी ऐन नियम बमोजिम हुनेछ ।

## ९८. ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने :

यस विनियममा उल्लेखित कुनै व्यवस्थाहरू प्रचलित सहकारी ऐन, नियम, विनियम र सिद्धान्तसँग बाझिन गएमा बाझिन गएको हदसम्म स्वतः अमान्य हुने छ एवम् यस विनियममा उल्लेख नभएका कुराहरूको बारेमा सहकारी ऐन नियम र सिद्धान्त बमोजिमको व्यवस्थाअनुसार संस्थाको काम कारबाही सञ्चालन गरिनेछ ।

## ९९. खारेजी र बचाउ :

(१) यस वातावरण बहुउद्देश्यीय सहकारी संस्था लि. को विनियम २०५९ र उक्त विनियममा यस अघि भएका सबै संशोधनहरू खारेज गरिएको छ ।

(२) उपदफा (१) मा उल्लेखित विनियम बमोजिम भए गरेका काम कारवाहीहरू यसै विनियम बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

### संस्थाको छाप

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

BASUCOL

२०५९

वीरेन्द्रनगर-८, सुर्खेत

### संस्थाको छापको ब्याख्या :

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड (BASUCOL) को छाप अण्डाकार दुई वृत्त भित्र एक नारी र एक पुरुषले नेपाली परम्परागत थैली समान सहभागीतात्मक तवरले खुला गरी समान पहुँच र नियन्त्रणमा बचत गरेको चित्र माथि दुई छाने घरको धुरी र सो माथि वातावरण संरक्षणको प्रतिक पिपलको रुखको टुप्पाको भाग। अंकित हुनेछ । थैलीको तल्लोभागमा अंग्रेजीमा BASUCOL र सो को तल स्थापित वर्ष २०५९ लेखिएको हुनेछ । दुई वृत्तको माथिल्लो खण्डमा वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र तल्लो भागमा वीरेन्द्रनगर-८, सुर्खेत तथा दुबै तर्फ धनकी देवी श्रीलक्ष्मीको प्रतिक रुवरुप दुई वटा कमलको फूल राखिएको हुनेछ ।

रजिष्ट्रार

## अनुसूची-२

(दफा ११ को उपदफा १ सँग सम्बन्धित)

## सदस्यता आवेदन फारम

श्री अध्यक्ष ज्यू,
वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. (BASUCOL)
वीरेन्द्रनगर-०८, सुर्खेत

**विषय : सदस्यताको लागि आवेदन ।**

महोदय,

मैले यस संस्थाको विनियम, निति, निर्देशिका एवं बचत तथा ऋणका शर्त र सदस्यको काम, कर्तव्य, अधिकार र आचारसंहिता सम्वन्धी व्यवस्थाको जानकारी प्राप्त गरिसकेको छु । संस्थाको उल्लेखित व्यवस्थाहरुको पालना गरी सेवा आदान प्रदान गर्न इच्छुक तथा मन्जुर भएकाले सदस्यता प्राप्त गर्नका लागि प्रवेश शुल्क रु ………………… (अक्षेरुपी…………………………) र शेयर वापलतको रकम रु ………… (अक्षेरुपी……………………………………) गरी जम्मा रकम रु ………… (अक्षेरुपी……………………………………) संलग्न राखी तपसिल अनुसारको मेरो व्यक्तिगत तथा हकवाला वा इच्छाइएको व्यक्तिको विवरण सहित यो निवेदन पेश गरेको छु ।

### तपसिल

**व्यक्तिगत विवरण :**

नाम थर :
बाबुको नाम :
पति/पत्नीको नाम :
आमाको नाम :
बाजेको नाम :
ससुराको नाम :
स्थायी ठेगाना :
पत्राचार गर्ने ठेगाना :
पेशा :
सम्पर्क टेलिफोन/मोबाइल नं. :

**हकवाला/इच्छाइएको व्यक्तिको विवरण :**

मैले चाहेमा वा मेरो शेष पछि यस संस्थाको विनियमको अधिनमा रहि ………………… नाता पर्ने तपसिल अनुसारको विवरण भएका व्यक्तिलाई मैले लिएको ऋण मध्ये चुक्ता गर्न बाँकी ऋण र सो मा लाग्ने व्याज कट्टी गरी बाँकी रहेको शेयर एंवम् सबै प्रकारका बचत तथा अन्य भूक्तानी गर्ने प्रयोजनका लागि हकवाला मनोनयन गरेको छु ।

नाम थर :
पति/पत्नीको नाम :
स्थायी ठेगाना :
सम्पर्क टेलिफोन/मोबाइल नं. :

इच्छाइएको व्यक्तिको फोटो :

रेखात्मक सही :

| दायाँ | बायाँ |
| --- | --- |
| | |

**स्वघोषणा :** माथि उल्लेखित सबै विवरण साँचो हो । फरक परेमा यसको पूर्ण जिम्मेवारी म आफैले लिनेछु साथै म यसै प्रकृतिको अर्को कुनै सहकारी संस्थामा सञ्चालक एवं सदस्य पदमा नरहेको समेत स्वघोषणा समेत गर्दछु ।

निवेदकको दस्तखत

### कार्यालय प्रयोजनका लागि

विनियमको दफा १० बमोजिम सदस्य योग्यताको प्रमाण सहित दफा ११ बगोजिम प्रक्रिया पुरा भएकाले निजलाई यस संस्थाको सदस्यता प्रदान गरिएको छ ।

सदस्यता नं. :
स्वीकृत गर्नेको दस्तखत :
पद :
मिति :

## अनुसूची-३

(दफा १९ सँग सम्बन्धित)

### सदस्यहरुको दर्ता किताब

| क्र. सं | सदस्यता नम्बर | बाजेको नाम | बाबुको नाम | पति वा पत्नीको नाम | सदस्यको नाम | जन्म मिति | नागरिकता नं. | ठेगाना | पेशा | खरिद गरेको शेयर संख्या | सदस्य भएको मिति | हकवाला को नाम | जन्म मिति | ठेगाना | सदस्यको दस्तखत वा सहि | फोटो |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

रजिष्ट्रार

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
रजिष्ट्रारको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची-४

(दफा २५ सँग सम्बन्धित)

शेयर प्रमाणपत्र

## वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.(BASUCOL)

वीरेन्द्रनगर-८, सुर्खेत

प्रमाण पत्र नं.: **शेयर प्रमाण पत्र** सदस्यता नं.:

........................ जिल्ला ............................................ वडा नं. ......... स्थायी ठेगाना भई हाल .................... जिल्ला .......................................... वडा नं. ........ बस्ने ......................................... ले यस संस्थाको विनियम अनुसार प्रति शेयर रु.१००।- (अक्षेरुपी एक सय रुपैयाँ)को दरले ................. कित्ता शेयरको रु........................ (अक्षेरुपी ................................................) भुक्तानी गरेकाले निजको नाममा संस्थाको छाप लागेको यो शेयर प्रमाण पत्र प्रदान गरिएको छ ।

मिति : ........................

संस्थाको छाप | कार्यकारी प्रवन्धक | अध्यक्ष

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

रजिष्ट्रार

पछाडि

| क्र. सं. | शेयर कारोवार मिति | विवरण | कारोवार गरेको शेयर संख्या | | | कारोबार पछि कायम कूल शेयर रकम रु. | आधिकारिक दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | खरिद शेयर संख्या | हस्तान्त्रण भएको शेयर संख्या | शेयर कारोवार पछिको जम्मा शेयर संख्या | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

४८

अनुसूची-५

(दफा ८९ को उपदफा ३ सँग सम्बन्धित)

## निर्वाचित भएको प्रमाण पत्र

# वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.(BASUCOL)

## वीरेन्द्रनगर-८, सुर्खेत

### प्रमाण-पत्र

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. वीरेन्द्रनगर-८, सुर्खेतको ........................... समितिको लागि मिति .............,................... मा भएको ..........................पदको निर्वाचनमा आगामि कार्यकालका लागि तपाईं श्री.............................................. निर्विरोध/बहुमतबाट निर्वाचित हुनु भएकोले यो **प्रमाण-पत्र** प्रदान गरिएको छ ।

प्रचलित कानुन र संस्था विनियमको अधिनमा रहि संस्थामा आफ्नो भूमिका निर्वाह गर्नुहुनेछ भन्दै तपाईको सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

मिति : .......................

निर्वाचन अधिकृत

रजिष्ट्रार

## अनुसूची-६

(दफा ९० सँग सम्बन्धित)

### शपथ ग्रहण

"म.................................(शपथ कर्ताको नाम) साधारण सभा समक्ष यो प्रतिज्ञा गर्दछु कि - मेरो सामर्थ्यले भ्याएसम्म समितिको सदस्यका नाताले सबै काम तथा बैठकहरूमा नियमित रूपले भाग लिनेछु तथा संस्थाको विकास र सदस्यका हितका लागि इमान्दारी तथा पवित्र हृदयले पक्षपातरहित तरिकाबाट निर्णय लिनेछु ।"

**शपथ ग्रहण गर्ने पदाधिकारीको :**

क) नाम :-

ख) पद :-

ग) दस्तखत :-

घ) मिति :-

**शपथ ग्रहण गराउने अधिकारीको :**

क) नाम :-

ख) पद :-

ग) दस्तखत :-

घ) मिति :-

## स्वीकृतार्थ रजिष्ट्रार कार्यालयको प्रयोजनका लागि

### विनियमको संक्षिप्त विवरण

संस्थाको नाम : **वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि.**

विनियमको नाम : **विनियम २०५९ (संशोधन सहित) को पुनर्लेखन विनियम २०८०**

ठेगाना : **वीरेन्द्रनगर नगरपालिका, वडा नं. ८, सुर्खेत** दर्ता : २७२(१२)०५९/०६०

दर्ता गर्ने निकाय : **जिल्ला सहकारी कार्यालय, बाँके** दर्ता मिति : २०५९/१२/०२

**स्वीकृत गर्ने अधिकारीको**

नाम : खुम प्रसाद सुवेदी

पद : रजिष्ट्रार

कार्यालय : कृषि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय

मिति : २०८०।०८।२०

........................

स्वीकृत गर्नेको दस्तखत

खुम प्रसाद सुवेदी

रजिष्ट्रार